# मार्जिन ऋण कारोवार नियमावली, २०८३ (मस्यौदा)

धितोपत्र बजारमा मार्जिन ऋण कारोबार सञ्चालन व्यवस्था मिलाउने उद्देश्यले धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ११६ ले दिएको अधिकार प्रयोग गरी नेपाल धितोपत्र बोर्डले नेपाल सरकारको स्वीकृति लिई देहायका नियमहरु बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरूको नाम **"मार्जिन ऋण कारोबार नियमावली, २०८३"** रहेको छ ।

(२) यो नियमावली नेपाल धितोपत्र बोर्डले तोकेको मितिदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा, यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले धितोपत्र सम्बन्धी ऐन, २०६३ सम्झनुपर्छ।

(ख) "अनुमति प्राप्त संस्था" भन्नाले मार्जिन ऋण कारोवार गर्न अनुमतिपत्र प्राप्त संस्था सम्झनुपर्छ।

(ग) "बोर्ड" भन्नाले ऐनको दफा ३ बमोजिम स्थापना भएको नेपाल धितोपत्र बोर्ड सम्झनुपर्छ।

(घ) "मार्जिन ऋण" भन्नाले ग्राहकले आफ्नै पूँजीको निश्चित अंश लगानी गरी बाँकी रकम बोर्डबाट अनुमति प्राप्त संस्थाबाट ऋणको रूपमा प्राप्त गरी धितोपत्र खरिद गर्न पाउने सुविधा सम्झनुपर्छ।

(ङ) "मार्जिन ऋण प्रदायक संस्था" भन्नाले बोर्डबाट अनुमति प्राप्त गरी मार्जिन ऋण सुविधा प्रदान गर्ने संस्था सम्झनुपर्छ।

(च) "ग्राहक" भन्नाले बोर्डले तोके बमोजिम मार्जिन ऋण सुविधा प्राप्त गरी धितोपत्रको कारोबार गर्ने प्राकृतिक वा कानुनी व्यक्ति सम्झनुपर्छ।

(छ) "प्रारम्भिक मार्जिन (इनिसियल मार्जिन)" भन्नाले मार्जिन ऋण प्राप्त गर्दा ग्राहकले आफ्नै स्रोतबाट अनिवार्य रूपमा लगानी गर्नुपर्ने न्यूनतम अंश सम्झनुपर्छ।

(ज) "सम्भार मार्जिन (मेन्टेनेन्स मार्जिन)" भन्नाले मार्जिन खातामा निरन्तर कायम राख्नुपर्ने न्यूनतम इक्विटी अनुपात सम्झनुपर्छ।

(झ) "मार्जिन कल" भन्नाले सम्भार मार्जिनभन्दा तल पुगेको अवस्थामा ग्राहकलाई थप धितो वा नगद जम्मा गर्न दिइने औपचारिक सूचना सम्झनुपर्छ।

(ञ) "दैनिक बजार मूल्याङ्कन (मार्क टु मार्केट)" भन्नाले प्रत्येक कारोबार दिनको अन्त्यमा कायम अन्तिम बजार मूल्यका आधारमा मार्जिन खाताको मूल्याङ्कन गर्ने प्रक्रिया सम्झनुपर्छ।

(ट) "योग्य धितोपत्र" भन्नाले मार्जिन ऋण कारोवार प्रयोजनका लागि बोर्डले समय-समयमा तोकेको मापदण्ड पूरा गरेका सूचीकृत धितोपत्र सम्झनुपर्छ।

(ठ) "धितो" भन्नाले मार्जिन ऋण कारोवार गर्ने प्रयोजनका लागि ग्राहकद्वारा शुरु मार्जिन वा सम्भार मार्जिन वापत प्रदान गरी सुरक्षणको रूपमा राखिएको नगद, धितोपत्र, मार्जिन ऋणबाट खरिद गरिएका धितोपत्र वा बोर्डले स्वीकृत गरेको अन्य सम्पत्ति सम्झनुपर्छ।

(ड) "जोखिममा आधारित मूल्य समायोजन (हेयरकट)" भन्नाले धितोपत्रको बजार मूल्यमा जोखिमका आधारमा लागू गरिने समायोजन प्रतिशत सम्झनुपर्छ।

(ढ) "दायित्व उल्लङ्घन (डिफल्ट)" भन्नाले ग्राहक वा मार्जिन ऋण प्रदायक संस्थाले यस नियमावली वा सम्झौताअनुसार पूरा गर्नुपर्ने दायित्व पूरा नगरेको अवस्था सम्झनुपर्छ।

(ण) "तोकिए बमोजिम" भन्नाले बोर्डले जारी गरेको निर्देशिका, मापदण्ड वा आदेश बमोजिम सम्झनुपर्छ।

३. **<u>मार्गदर्शक सिद्धान्तः</u>** मार्जिन ऋण कारोबार सञ्चालन गर्दा देहायका सिद्धान्तहरूको पालना गरिनुपर्नेछः-

(क) लगानीकर्ताको संरक्षण

(ख) बजारको निष्पक्षता

(ग) जोखिममा आधारित नियमन,

(घ) पारदर्शिता तथा वित्तीय स्थायित्व,

(ङ) पर्याप्त धितो तथा जोखिम नियन्त्रण,

(च) निष्पक्ष व्यवहार,

(छ) प्रभावकारी बजार निगरानी,

(ज) अन्तर्राष्ट्रिय असल अभ्याससँग सामञ्जस्यता ।

## परिच्छेद-२

## <u>अनुमति तथा इजाजतपत्र सम्बन्धी व्यवस्था</u>

४. **<u>मार्जिन ऋण कारोबार गर्न अनुमति लिनु पर्नेः</u>** (१) मार्जिन ऋण कारोबार सञ्चालन गर्न बोर्डबाट अनुमति लिनुपर्नेछ।

(२) बोर्डले अनुमति प्रदान नगरेसम्म कुनै संस्थाले मार्जिन ऋण कारोबार सम्बन्धी सम्झौता गर्न, मार्जिन खाता सञ्चालन गर्न वा मार्जिन कारोबारका लागि ग्राहकबाट आवेदन लिन पाउने छैन।

(३) बोर्डले आवश्यक ठानेमा निश्चित प्रकृतिका संस्थालाई निश्चित सर्त वा सीमासहित अनुमति प्रदान गर्न सक्नेछ।

(४) बोर्डबाट अनुमति प्राप्त नगरी कुनै पनि व्यक्ति वा संस्थाले मार्जिन ऋण कारोबार सुविधा प्रदान गर्न, विज्ञापन गर्न वा आफूलाई मार्जिन ऋण सेवा प्रदायकको रूपमा प्रस्तुत गर्न पाउने छैन।

५. **अनुमति प्राप्त गर्न सक्ने संस्था**: मार्जिन ऋण कारोबार सञ्चालन गर्न बोर्डले देहायका संस्थालाई प्रचलित कानुन तथा यस नियमावली बमोजिम अनुमति दिन सक्नेछः-

(क) धितोपत्र दलाल व्यवसायी,

(ख) बोर्डले समय-समयमा तोकेका अन्य योग्य संस्था।

६. **अनुमति प्राप्त गर्न आवश्यक न्यूनतम योग्यता**: मार्जिन ऋण कारोबारका लागि अनुमति प्राप्त गर्न चाहाने संस्थाले कम्तीमा देहायका मापदण्ड पूरा गरेको हुनुपर्नेछः-

(क) बोर्डले तोकेको न्यूनतम चुक्ता पूँजी तथा नेटवर्थ,

(ख) बोर्डले तोकेको पर्याप्त वित्तीय क्षमता तथा तरलता,

(ग) जोखिम व्यवस्थापन नीति, आन्तरिक नियन्त्रण प्रणाली तथा अनुपालन संरचना,

(घ) मार्जिन कारोबार सञ्चालन गर्नका लागि तोकिए बमोजिमको सूचना प्रविधि प्रणाली,

(ङ) दैनिक बजार मूल्याङ्कन (मार्क टु मार्केट) गर्न सक्ने प्रणाली,

(च) मार्जिन कल तथा धितो व्यवस्थापन प्रणाली,

(छ) व्यवसाय निरन्तरता योजना (विजनेश कन्टीन्यूटी प्लान) तथा विपद् पुनःस्थापना प्रणाली (डिजास्टर रिकभरी साइट),

(ज) बोर्डले तोकेको योग्यता भएका प्रमुख कार्यकारी अधिकृत, जोखिम व्यवस्थापन प्रमुख तथा अनुपालन अधिकृत,

(झ) साइबर सुरक्षा तथा तथ्याङ्क/ डाटा सुरक्षा सम्बन्धी तोकिएको न्यूनतम मापदण्ड,

(ञ) बोर्डले तोकेका अन्य योग्यता।

७. **अनुमतिपत्रका लागि निवेदन दिनुपर्ने**: (१) अनुमति प्राप्त गर्न चाहने संस्थाले अनुसूची १ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको निवेदनसँग देहायका कागजातहरू संलग्न गर्नुपर्नेछः-

(क) संस्थाको दर्ता प्रमाणपत्र,

(ख) प्रबन्धपत्र तथा नियमावली,

(ग) पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन,

(घ) अद्यावधिक कर चुक्ता प्रमाणपत्र

(ङ) व्यवसायिक योजना,

(च) जोखिम व्यवस्थापन नीति,

(छ) प्रयोग भइरहेको कारोवार प्रणालीको विवरण,

(ज) आन्तरिक नियन्त्रण तथा अनुपालन मापदण्ड,

(झ) बोर्डले माग गरेका अन्य विवरण।

८. **<u>निवेदन उपर जाँचबुझ गर्ने</u>**: (१) बोर्डले नियम ७ बमोजिम निवेदन तथा विवरण र कागजात जाँचबुझ गरी वित्तीय, प्राविधिक, सञ्चालनगत तथा नियामकीय पक्षहरूको परीक्षण गर्नेछ। बोर्डले मार्जिन कारोबार अनुमतिका लागि मुल्यांकन तथा सिफारिस गर्दा अनुसूची २ बमोजिमको चेकलिष्टका आधारमा गर्नेछ।

(२) बोर्डले आवश्यक लागेमा देहायका कार्य गर्न/गराउन सक्नेछः-

(क) स्थलगत निरीक्षण गर्न,

(ख) सूचना प्रविधि प्रणाली परीक्षण गर्न,

(ग) जोखिम व्यवस्थापन प्रणालीको परीक्षण गर्न,

(घ) सम्बन्धित पदाधिकारीसँग अन्तर्वार्ता लिन,

(ङ) बोर्डले तोकेको स्वतन्त्र विशेषज्ञको राय लिन।

९. **<u>अनुमतिपत्र प्रदान गर्ने</u>**: (१) मार्जिन ऋण कारोबार गर्न प्राप्त निवेदनको जाँचबुझ तथा परीक्षण पश्चात बोर्डले आवश्यक शर्तसहित अनुमतिपत्र प्रदान गर्न सक्नेछ।

(२) अनुमति प्रदान गर्दा बोर्डले देहायका व्यवस्था तोक्न सक्नेछः-

(क) कारोबारको दायरा,

(ख) अधिकतम जोखिम सीमा,

(ग) प्रतिवेदन पेश गर्ने दायित्व,

(घ) सञ्चालनका विशेष शर्त,

(ङ) विशेष निगरानी व्यवस्था ।

(३) अनुमतिपत्र प्राप्त संस्थाले बोर्डले तोकेका शर्तहरूको पूर्ण परिपालना गर्नुपर्नेछ ।साथै बोर्डले आवश्यक्तानुसार थप निर्देशन जारी गर्न सक्नेछ।

१०. **<u>मार्जिन ऋण कारोवार गरिरहेका धितोपत्र दलालले अनुमति लिनुपर्नेः</u>** (१) यो नियमावली प्रारम्भ हुँदाका बखत मार्जिन कारोवार सुविधा प्रदान गर्न धितोपत्र बजारबाट अनुमतिपत्र प्राप्त गरेका धितोपत्र दलालले एक वर्षभित्र यस नियमावली बमोजिम अनुमतिपत्र लिनु पर्नेछ।

११. **<u>अनुमति दिन अस्वीकृत गर्न सक्ने अवस्था</u>**: बोर्डले देहायको अवस्थामा अनुमति दिन अस्वीकृत गर्न सक्नेछः-

(क) आवश्यक कागजात तथा योग्यता पूरा नगरेमा,

(ख) झुट्टा वा भ्रामक विवरण पेश गरेमा,

(ग) वित्तीय अवस्था सन्तोषजनक नभएमा,

(घ) यस नियमावली बमोजिमको सूचना प्रविधि प्रणाली अपर्याप्त भएमा,

(ङ) जोखिम व्यवस्थापन प्रणाली पर्याप्त नभएमा,

(च) सार्वजनिक हित वा बजार स्थायित्वमा प्रतिकूल प्रभाव पर्ने देखिएमा,

(छ) अन्य कुनै उचित कारण भएमा।

तर, अनुमति अस्वीकृत गर्नु अघि बोर्डले सम्बन्धित संस्थालाई आफ्नो भनाइ पेश गर्ने उचित अवसर प्रदान गर्नु पर्नेछ।

१२. **<u>अनुमतिपत्र नवीकरण</u>**: (१) मार्जिन ऋण कारोबार सुविधा दिन अनुमतिपत्र प्राप्त संस्थाले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र अनुमतिपत्र नवीकरणका लागि निवेदन दिनुपर्नेछ।

(२) नवीकरण गर्दा बोर्डले निम्न विषयहरूको समीक्षा गर्नेछः-

(क) वित्तीय अवस्था,

(ख) नियामकीय अनुपालन,

(ग) जोखिम व्यवस्थापन,

(घ) आन्तरिक नियन्त्रण,

(ङ) ग्राहक गुनासो

(च) निरीक्षण प्रतिवेदन,

(छ) साइबर सुरक्षा

(ज) अन्य आवश्यक पक्ष।

१३. **<u>अनुमति निलम्बन वा खारेजी</u>**: (१) बोर्डले देहायको अवस्थामा अनुमति निलम्बन वा खारेज गर्न सक्नेछः-

(क) ऐन, ऐन अन्तर्गत बनेका नियमावली, विनियमावली तथा निर्देशिका वा बोर्डले समय समयमा जारी गरेका निर्देशनहरुको बारम्बार उल्लङ्घन गरेमा,

(ख) नेटवर्थ चुक्ता पूँजी भन्दा न्यून भएमा वा लगातार तीन आर्थिक वर्ष नोक्सानीमा रहेमा,

(ग) ग्राहकको हितमा गम्भीर प्रतिकूल असर पुग्ने कार्य गरेमा,

(घ) प्रणालीगत जोखिम उत्पन्न गरेको अवस्थामा,

(ङ) झुट्टो विवरण बनाउने वा पेश गर्ने वा धोखाधडी गरेको प्रमाणित भएमा।

(२) अनुमति निलम्बन वा खारेज गर्नु अघि तत्काल हस्तक्षेप गर्नुपर्ने विशेष अवस्थामा वाहेक सम्बन्धित संस्थालाई सफाइ पेश गर्ने अवसर दिनु पर्नेछ ।

## परिच्छेद-३

## योग्य ग्राहक, योग्य धितोपत्र तथा मार्जिन खाता

१४. **मार्जिन ऋण कारोबार सुविधा प्राप्त गर्न योग्य ग्राहकः** (१) देहायका व्यक्ति वा संस्थाले यस नियमावली बमोजिम मार्जिन ऋण सुविधा प्राप्त गर्न सक्नेछन्ः-

(क) नेपाली नागरिकता प्राप्त बालिग व्यक्ति वा नेपालमा विधिवत् दर्ता भएका कानुनी व्यक्ति,

(ख) धितोपत्र तथा प्रचलित कानुन बमोजिम धितोपत्र कारोबार गर्न योग्य व्यक्ति वा संस्था,

(ग) अनुमति प्राप्त मार्जिन ऋण प्रदायक संस्थाले ग्राहक पहिचान, ग्राहकको वित्तीय क्षमता, लगानी उद्देश्य तथा जोखिम वहन क्षमता सम्बन्धी मूल्याङ्कन पूरा गरेको ग्राहक,

(घ) बोर्डले तोकेको अन्य योग्यता पूरा गरेको व्यक्ति वा संस्था।

(२) मार्जिन ऋण सुविधा प्रदान गर्नु अघि मार्जिन ऋण प्रदायक संस्थाले ग्राहकको उपयुक्तता अनिवार्य रूपमा मूल्याङ्कन गर्नु पर्नेछ।

१५. **मार्जिन ऋण कारोबार सुविधा प्राप्त गर्न अयोग्य व्यक्तिः** देहायका व्यक्ति वा संस्थालाई मार्जिन ऋण सुविधा प्रदान गर्न पाइने छैनः-

(क) प्रचलित कानुनबमोजिम धितोपत्र कारोबार गर्न अयोग्य घोषित व्यक्ति,

(ख) कर्जा सूचना केन्द्र लिमिटेडको कर्जा सूचना प्रतिवेदनमा कालोसूचीमा नरहेको,

(ग) मार्जिन ऋणको गम्भीर दायित्व उल्लङ्घन (मटेरियल डिफल्ट) गरेको र तोकिएको अवधिसम्म अयोग्य घोषित ग्राहक,

(घ) सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी कानुन बमोजिम उच्च जोखिमयुक्त वा प्रतिबन्धित ग्राहक,

(ङ) बोर्डले सार्वजनिक हित वा बजार स्थायित्वका आधारमा अयोग्य तोकेको व्यक्ति वा संस्था,

(च) धितोपत्रसम्बन्धी कसूरमा सजाय भई पाँच वर्ष पूरा नभएको व्यक्ति वा संस्था।

१६. **ग्राहक पहिचान तथा उचित सावधानीः** (१) मार्जिन ऋण प्रदायक संस्थाले ग्राहकलाई मार्जिन सुविधा प्रदान गर्नु अघि प्रचलित कानुनबमोजिम ग्राहक पहिचान तथा ग्राहकको ड्यू डिलिजेन्स पूरा गर्नु पर्नेछ।

(२) उच्च जोखिमयुक्त ग्राहकका हकमा विस्तारित ड्यू डिलिजेन्स गर्नु पर्नेछ।

(३) ग्राहक सम्बन्धी अभिलेख बोर्डले तोकेको अवधिसम्म सुरक्षित राख्नु पर्नेछ।

१७. **ग्राहक उपयुक्तताः** (१) मार्जिन ऋण सुविधा प्रदान गर्नु अघि संस्थाले कम्तीमा देहायका विषयको मूल्याङ्कन गर्नु पर्नेछः

(क) ग्राहकको आय तथा सम्पत्ति अवस्था;

(ख) लगानी अनुभव;

(ग) धितोपत्र बजार सम्बन्धी ज्ञान;

(घ) जोखिम वहन क्षमता;

(ङ) लगानी उद्देश्य;

(च) ऋण भुक्तानी क्षमता;

(छ) बोर्डले तोकेका अन्य आधार।

ग्राहकको उपयुक्तता मुल्यांकन गर्दा अनुसूची ३ बमोजिमको न्यूनतम विवरण उल्लेख गर्नु पर्नेछ।

(२) उपयुक्तता परीक्षण नगरी मार्जिन ऋण प्रदान गर्न पाइने छैन।

१८. **मार्जिन सम्झौता**: (१) अनुसूची ४ मा उल्लेख भए बमोजिमको मानक सम्झौताको आधारमा प्रत्येक ग्राहकसँग लिखित वा विद्युतीय मार्जिन सम्झौता सम्पन्न गरेपछि मात्र मार्जिन सुविधा उपलब्ध गराउन सकिनेछ।

(२) सम्झौतामा कम्तीमा देहायका विषय उल्लेख हुनु पर्नेछः-

(क) ऋण सीमा;

(ख) प्रारम्भिक मार्जिन;

(ग) सम्भार मार्जिन;

(घ) ब्याज तथा शुल्क;

(ङ) मार्जिन कल प्रक्रिया;

(च) धितो प्रयोग गर्ने अधिकार;

(छ) डिफल्ट सम्बन्धी व्यवस्था;

(ज) विवाद समाधान;

(झ) जोखिम खुलासा;

(ञ) अन्य आवश्यक शर्तहरू।

१९. **जोखिम खुलासा**: (१) मार्जिन ऋण सुविधा उपलब्ध गराउनु अघि ग्राहकलाई जोखिम खुलासा विवरण उपलब्ध गराउनु पर्नेछ।

(२) जोखिम खुलासामा कम्तीमा देहायका विषय समावेश हुनु पर्नेछः-

(क) वित्तीय उत्तोलन (लिभरेज) का कारण हुने सम्भावित नोक्सानी;

(ख) मार्जिन कल;

(ग) धितो बिक्री हुन सक्ने अवस्था;

(घ) बजार जोखिम;

(ङ) तरलता जोखिम;

(च) ब्याज जोखिम;

(छ) अन्य उपयुक्त जोखिम।

२०. **योग्य धितोपत्र**: (१) बोर्डले तोकेको मापदण्ड पूरा गरेका सूचीकृत धितोपत्र मात्र मार्जिन ऋणका लागि योग्य हुनेछन्।

(२) योग्य धितोपत्र निर्धारण गर्दा बोर्डले देहायका विषयलाई मध्यनजर गर्नेछः-

(क) बजार पूँजीकरण,

(ख) कारोबारको तरलता,

(ग) सर्वसाधारण शेयरधनीको संख्या,

(घ) कारोवार योग्य (फ्रि फ्लोट) शेयरको संख्या,

(ङ) मूल्य अस्थिरता,

(च) संस्थागत सुशासन,

(छ) सूचना प्रवाहको अवस्था,

(ज) अन्य जोखिम सूचकहरू।

२१. **योग्य धितोपत्रको सूची**: (१) धितोपत्र बजारले समय-समयमा योग्य धितोपत्रको सूची प्रकाशित गर्नेछ।

(२) बोर्डले आवश्यक ठानेमा कुनै धितोपत्रलाई सूचीमा थप्न, हटाउन वा अस्थायी रूपमा निलम्बन गर्न सक्नेछ।

२२. **जोखिम-आधारित मूल्य समायोजन/कटौती (हेयरकट)**: (१) प्रत्येक योग्य धितोपत्रमा अनुसूची ५ मा उल्लिखित मापदण्डका आधारमा जोखिम अनुसार मूल्य कटौती व्यवस्था लागू गरिनेछ।

(२) जोखिम-आधारित मूल्य कटौती निर्धारण गर्दा कम्तीमा देहायका आधारलाई मध्यनजर गरिनेछः-

(क) मूल्य अस्थिरता;

(ख) तरलता;

(ग) बजार पूँजीकरण;

(घ) कारोबारको मात्रा;

(ङ) संस्थाको लाभांश वितरण;

(च) अन्य जोखिम पक्षहरू।

(३) जोखिम-आधारित मूल्य समायोजन/कटौती व्यवस्थाको विस्तृत मापदण्ड बोर्डले निर्देशिकामार्फत निर्धारण गर्नेछ।

## परिच्छेद-४

## मार्जिन खाता

२३. **मार्जिन खाता सञ्चालन**: (१) प्रत्येक ग्राहकको छुट्टै मार्जिन खाता सञ्चालन गर्नु पर्नेछ।

(२) मार्जिन खाताको अभिलेख नगद, धितोपत्र तथा ऋण दायित्व स्पष्ट देखिने गरी राख्नु पर्नेछ।

२४. **मार्जिन खाताको अभिलेख**: मार्जिन ऋण प्रदायक संस्थाले प्रत्येक खाताका सम्बन्धमा कम्तीमा देहायको अभिलेख अद्यावधिक राख्नु पर्नेछः-

(क) ग्राहक विवरण;

(ख) ऋण सीमा;

(ग) धितो;

(घ) दैनिक बजार मूल्याङ्कन;

(ङ) मार्जिन कल;

(च) थप धितो;

(छ) धितो बिक्री;

(ज) ब्याज;

(झ) शुल्क;

(ञ) दायित्व उल्लङ्घन (डिफल्ट);

(ट) बोर्डले तोकेका अन्य विवरण।

२५. **इलेक्ट्रोनिक अभिलेख**: मार्जिन खातासम्बन्धी सम्पूर्ण अभिलेख सुरक्षित विद्युतीय प्रणालीमा राख्नु पर्नेछ र बोर्डले मागेको अवस्थामा तत्काल उपलब्ध गराउन सकिने व्यवस्था हुनु पर्नेछ।

## परिच्छेद-५

## मार्जिन ऋण प्रदान गर्ने व्यवस्था

२६. **मार्जिन ऋण प्रदान गर्न सकिने आधार**: (१) अनुमति प्राप्त मार्जिन ऋण प्रदायक संस्थाले यस नियमावली, बोर्डबाट जारी निर्देशिका तथा स्वीकृत आन्तरिक नीतिको अधीनमा रही ग्राहकलाई मार्जिन ऋण प्रदान गर्न सक्नेछ।

(२) मार्जिन ऋण प्रदान गर्नु अघि संस्थाले कम्तीमा देहायका विषय सुनिश्चित गर्नु पर्नेछः-

(क) ग्राहकको उपयुक्तता परीक्षण सम्पन्न भएको,

(ख) मार्जिन सम्झौता सम्पन्न भएको,

(ग) आवश्यक प्रारम्भिक मार्जिन प्राप्त भएको,

(घ) धितोको स्वामित्व तथा स्थानान्तरण योग्यता पुष्टि भएको,

(ङ) जोखिम खुलासा विवरण ग्राहकलाई उपलब्ध गराएको।

२७. **प्रारम्भिक मार्जिन**: (१) प्रत्येक मार्जिन कारोबारका लागि ग्राहकले बोर्डले निर्देशिकामार्फत तोकेको न्यूनतम प्रारम्भिक मार्जिन कायम गर्नु पर्नेछ।

(२) बोर्डले धितोपत्रको प्रकृति, तरलता, मूल्य अस्थिरता तथा बजार अवस्थाका आधारमा फरक-फरक प्रारम्भिक मार्जिन तोक्न सक्नेछ।

(३) प्रारम्भिक मार्जिन देहाय अनुसार राख्न सकिनेछः-

(क) नगद वा नगदसरह सम्पत्ति,

(ख) बोर्डले स्वीकृत गरेका अन्य वित्तीय साधन।

(ग) खण्ड (ख) बमोजिमको वित्तीय साधनको मूल्याङ्कन, जोखिम-आधारित मूल्य कटौती (हेयरकट) तथा प्रयोगको मापदण्ड बोर्डले निर्देशिकामार्फत निर्धारण गर्नेछ।

२८. **सम्भार मार्जिन**: (१) ग्राहकले आफ्नो मार्जिन खातामा बोर्डले तोकेको न्यूनतम सम्भार मार्जिन निरन्तर कायम राख्नु पर्नेछ।

(२) सम्भार मार्जिन तोकिएको सीमाभन्दा कम भए अवस्थामा मार्जिन ऋण प्रदायक संस्थाले नियम ३२ बमोजिम मार्जिन कल जारी गर्नु पर्नेछ।

२९. **ऋण सीमा**: (१) कुनै पनि ग्राहकलाई प्रदान गरिने मार्जिन ऋणको सीमा बोर्डले निर्देशिकामार्फत निर्धारण गरे बमोजिम हुनेछ।

(२) ग्राहकको वित्तीय क्षमता, जोखिम वहन क्षमता, धितो सुरक्षणको गुणस्तर तथा संस्थाको जोखिम नीतिअनुसार संस्थाले बोर्डले तोकेको अधिकतम सीमाभन्दा कम सीमा निर्धारण गर्न सक्नेछ।

३०. **धितोको मूल्याङ्कन**: (१) धितोको मूल्याङ्कन प्रत्येक कारोबार दिनको अन्तिम बजार मूल्यका आधारमा गरिनेछ।

(२) बजार मूल्य उपलब्ध नभएको अवस्थामा बोर्डले स्वीकृत गरेको मूल्याङ्कन विधि प्रयोग गरिनेछ।

(३) धितोको मूल्याङ्कन प्रक्रियाको अभिलेख सुरक्षित राख्नु पर्नेछ।

३१. **दैनिक बजार मूल्याङ्कन**: (१) अनुमति प्राप्त संस्थाले प्रत्येक कारोबार दिनको अन्त्यमा सबै मार्जिन खाताको दैनिक बजार मूल्याङ्कन गर्नु पर्नेछ।

(२) दैनिक बजार मूल्याङ्कनका आधारमा देहायका कुराहरू पुनः गणना गर्नु पर्नेछः-

(क) ग्राहकको धितोपत्र,

(ख) ऋण अनुपात,

(ग) धितोको मूल्य,

(घ) मार्जिन आवश्यकता।

(३) दैनिक बजार मूल्याङ्कन स्वचालित प्रणालीमार्फत सञ्चालन गर्नु पर्नेछ।

३२. **<u>मार्जिन कल</u>**ः (१) सम्भार मार्जिन तोकिएको सीमाभन्दा कम भएमा संस्थाले ग्राहकलाई अनुसूची ६ मा उल्लिखित विवरण समावेश गरी तत्काल मार्जिन कल जारी गर्नु पर्नेछ।

(२) मार्जिन कल गर्दा कम्तीमा देहायका विवरण उल्लेख हुनु पर्नेछः-

(क) अपुग मार्जिनको रकम,

(ख) भुक्तानी गर्नुपर्ने समयसीमा,

(ग) भुक्तानी गर्ने माध्यम,

(घ) समयभित्र भुक्तानी नगरेमा हुने सम्भावित कार्यबाही।

(३) मार्जिन कलको सूचना विद्युतीय वा बोर्डले स्वीकृत गरेको अन्य माध्यमबाट पठाउन सकिनेछ।

३३. **<u>थप धितो वा नगद जम्मा गर्ने व्यवस्था</u>**ः ग्राहकले मार्जिन कल प्राप्त भएपछि अनुसूची ६ मा उल्लेख भए बमोजिमका धितोका विवरण उपलब्ध गराई बोर्डले तोकेको समयभित्र थप धितोको रूपमा थप योग्य धितोपत्र वा नगद वा ऋणको भुक्तानी गर्न सक्नेछ।

३४. **<u>मार्जिन दायित्व पूरा नगरेको अवस्था</u>**ः यदि ग्राहकले तोकिएको समयभित्र मार्जिन कल पूरा नगरेमा मार्जिन ऋण प्रदायक संस्थाले जोखिम नियन्त्रणका लागि आवश्यक कदम चाल्न सक्नेछ।

३५. **<u>धितो बिक्री</u>**ः (१) ग्राहकले मार्जिन दायित्व पूरा नगरेमा संस्थाले ग्राहकसंग भएको सम्झौता बमोजिम आवश्यक परिमाणको धितो बिक्री गर्न सक्नेछ।

(२) धितो विक्री सम्बन्धमा अपनाउनुपर्ने प्रकृया, सूचनामा उल्लेख गर्नुपर्ने विवरण, विक्री पश्चात् प्रतिवेदनमा उल्लेख हुनुपर्ने विवरण, विक्री क्रममा अपनाउनुपर्ने सिद्धान्त, विक्री स्थगन गर्न सकिने अवस्था, अभिलेख व्यवस्थापन, बोर्डलाई पेश गर्नुपर्ने प्रतिवेदनमा उल्लेख हुनुपर्ने विषय लगायतका विवरणहरु अनुसूची ६ मा उल्लेख गरिएको छ ।

(३) धितो बिक्रीको विस्तृत कार्यविधि बोर्डले निर्देशिका मार्फत निर्धारण गरे बमोजिम हुनेछ।

३६. **<u>आर्थिक स्रोत</u>**ः यस नियमावली बमोजिम मार्जिन ऋण कारोवार गर्न अनुमतिपत्र प्राप्त धितोपत्र दलाल व्यवसयीले मार्जिन कारोबार सञ्चालन गर्न देहायको वित्तीय स्रोत परिचालन गर्न सक्नेछ ।

(क) आफ्नै स्रोत;

(ख) केन्द्रीय बैंकबाट इजाजत प्राप्त बैंक तथा वित्तीय संस्थाबाट प्राप्त ऋण कर्जा;

(ग) नियम ५ को खण्ड (ख) बमोजिमको संस्थाबाट प्राप्त ऋण कर्जा;

(घ) प्रचलित कम्पनी सम्बन्धी कानूनमा भएको व्यवस्था पालना गरी धितोपत्र दलाल व्यवसायीको शेयरधनी वा सञ्चालकसँग लिएको असुरक्षित ऋण (अनसेक्युर्ड डेब्ट);

(ङ) बोर्डले समय समयमा तोकेको अन्य स्रोत।

३७. **<u>एकाग्र जोखिम सीमा</u>**ः (१) कुनै एक ग्राहक, सम्बन्धित समूह वा एउटै धितोपत्रमा अत्यधिक जोखिम सृजना हुन नदिन बोर्डले सीमा निर्धारण गर्न सक्नेछ।

(२) ग्राहकको वित्तीय क्षमता, जोखिम वहन क्षमता, धितोको गुणस्तर तथा संस्थाको जोखिम नीतिअनुसार मार्जिन ऋण प्रवाह गर्न अनुमति प्राप्त संस्थाले बोर्डले तोकेको अधिकतम सीमाभन्दा कम सीमा निर्धारण गर्न सक्नेछ।

३८. **<u>सम्बद्ध पक्षसँगको मार्जिन ऋण</u>**ः अनुमति प्राप्त संस्थाले आफ्ना सञ्चालक, प्रमुख कार्यकारी, कर्मचारी, सम्बन्धित पक्ष वा सम्बद्ध व्यक्तिलाई मार्जिन ऋण प्रदान गर्दा बोर्डले तोकेको विशेष मापदण्ड तथा खुलासा आवश्यकताहरूको पालना गर्नु पर्नेछ।

३९. **<u>ब्याज, शुल्क तथा खर्च</u>**ः (१) मार्जिन ऋणमा लाग्ने ब्याज, शुल्क तथा अन्य खर्च पारदर्शी, पूर्व प्रकाशित तथा ग्राहकसँगको सम्झौतामा स्पष्ट उल्लेख गरिएको हुनु पर्नेछ।

(२) कुनै अदृश्य शुल्क (हिडन शुल्क) असुल गर्न पाइने छैन।

४०. **<u>प्रारम्भिक जोखिम नियन्त्रण उपाय</u>**ः अनुमति प्राप्त संस्थाले कम्तीमा देहायका जोखिम नियन्त्रण उपाय अपनाउनु पर्नेछः-

(क) दैनिक जोखिम अनुगमन,

(ख) स्वचालित मार्जिन गणना,

(ग) प्रारम्भिक चेतावनी प्रणाली,

(घ) दवाव परीक्षण (स्ट्रेस टेष्टिङ्ग),

(ङ) ठूलो जोखिमको अनुगमन,

(च) आन्तरिक सीमा व्यवस्थापन,

(छ) आकस्मिक कार्ययोजना (कन्टिनजेन्सी प्लान)।

## परिच्छेद - ६

## <u>जोखिम व्यवस्थापन तथा पूँजी पर्याप्तता</u>

४१. **<u>जोखिम व्यवस्थापन प्रणाली स्थापना गर्नुपर्ने</u>**ः (१) प्रत्येक अनुमति प्राप्त मार्जिन ऋण प्रदायक संस्थाले आफ्नो व्यवसायको प्रकृति, कारोबारको परिमाण तथा जोखिमको स्तरअनुसार पर्याप्त, प्रभावकारी तथा दस्तावेज स्वरूपमा जोखिम व्यवस्थापन प्रणाली स्थापना तथा कार्यान्वयन गर्नु पर्नेछ।

(२) जोखिम व्यवस्थापन प्रणाली सञ्चालक समितिबाट स्वीकृत जोखिम व्यवस्थापन नीतिमा आधारित हुनु पर्नेछ।

४२. **<u>जोखिम व्यवस्थापन नीति</u>**ः प्रत्येक संस्थाले कम्तीमा देहायका विषय समावेश भएको जोखिम व्यवस्थापन नीति स्वीकृत गरी कार्यान्वयन गर्नु पर्नेछः-

(क) जोखिम स्वीकृति सीमा (रिस्क एपिटाइट);

(ख) जोखिम पहिचान तथा मूल्याङ्कन प्रक्रिया;

(ग) जोखिम मापन तथा अनुगमन;

(घ) जोखिम न्यूनीकरण रणनीति;

(ङ) दवाव परीक्षण (स्ट्रेस टेष्टिङ्ग);

(च) आकस्मिक अवस्था व्यवस्थापन;

(छ) आन्तरिक प्रतिवेदन प्रणाली;

(ज) जिम्मेवारी तथा उत्तरदायित्व।

४३. **<u>जोखिमका प्रकार</u>**: अनुमति प्राप्त संस्थाले कम्तीमा देहायका जोखिमहरूको नियमित व्यवस्थापन गर्नु पर्नेछः-

(क) कर्जा जोखिम;

(ख) बजार जोखिम;

(ग) तरलता जोखिम;

(घ) सञ्चालन जोखिम;

(ङ) कानुनी जोखिम;

(च) साइबर सुरक्षा जोखिम;

(छ) प्रतिष्ठा जोखिम;

(ज) प्रणालीगत जोखिम;

(झ) केन्द्रीकरण जोखिम,

(ञ) बोर्डले समय-समयमा तोकेका अन्य जोखिम।

४४. **<u>पूँजी पर्याप्तता</u>**: (१) अनुमति प्राप्त संस्थाले बोर्डले तोकेको न्यूनतम पूँजी पर्याप्तता तथा नेटवर्थ कायम राख्नु पर्नेछ।

(२) पूँजी पर्याप्तता गणना गर्ने आधार, विधि तथा न्यूनतम सीमा बोर्डले निर्देशिकामार्फत निर्धारण गरे बमोजिम हुनेछ।

४५. **<u>आन्तरिक जोखिम सीमा</u>**: प्रत्येक संस्थाले कम्तीमा देहायका आन्तरिक जोखिम सीमा निर्धारण गर्नु पर्नेछः-

(क) ग्राहकगत जोखिम सीमा;

(ख) धितोपत्र जोखिम सीमा;

(ग) क्षेत्रगत जोखिम सीमा;

(घ) तरलता सीमा;

(ङ) सम्बद्ध पक्ष जोखिम सीमा;

(च) बोर्डले तोकेका अन्य सीमा।

४६. **<u>दबाब परीक्षण (स्ट्रेस टेष्टींग)</u>**: (१) प्रत्येक संस्थाले नियमित रूपमा दवाव परीक्षण गर्नु  पर्नेछ।

(२) दवाव परीक्षणमा कम्तीमा देहायका विषयहरू समावेश हुनु पर्नेछः-

(क) बजारमा तीव्र मूल्य गिरावट;

(ख) अत्यधिक अस्थिरता;

(ग) तरलता सङ्कट;

(घ) ठूलो ग्राहकको दायित्व उल्लङ्घन (डिफल्ट);

(ङ) प्रणाली अवरोध;

(च) बोर्डले तोकेका अन्य परिदृश्य।

(३) दवाव परीक्षणको नतिजा सञ्चालक समितिमा प्रस्तुत गर्नु पर्नेछ र सोही बमोजिम आवश्यक सुधारात्मक कदम चाल्नु पर्नेछ।

४७. **<u>जोखिम व्यवस्थापन समिति</u>**: १) अनुमति प्राप्त संस्थाले सञ्चालक समितिअन्तर्गत छुट्टै जोखिम व्यवस्थापन समिति गठन गर्नु पर्नेछ।

(२) समितिको गठन, कार्यक्षेत्र तथा जिम्मेवारी बोर्डले निर्देशिकामार्फत निर्धारण गरे बमोजिम हुनेछ।

४८. **<u>प्रमुख जोखिम व्यवस्थापन अधिकृत</u>**: (१) प्रत्येक मार्जिन ऋण कारोवारका लागि अनुमति प्राप्त संस्थाले आवश्यक योग्यता भएको प्रमुख जोखिम व्यवस्थापन अधिकृत नियुक्त गर्नु पर्नेछ।

(२)  प्रमुख जोखिम व्यवस्थापन अधिकृतले स्वतन्त्र रूपमा कार्य गर्नु पर्नेछ र सञ्चालक समिति वा जोखिम व्यवस्थापन समितिसमक्ष प्रत्यक्ष प्रतिवेदन दिन सक्ने व्यवस्था हुनु पर्नेछ।

४९. **<u>प्रारम्भिक चेतावनी प्रणाली</u>**: मार्जिन ऋण कारोवारका लागि अनुमति प्राप्त संस्थाले जोखिम बढ्दै गएको अवस्था पहिचान गर्न स्वचालित प्रारम्भिक चेतावनी प्रणाली विकास तथा सञ्चालन गर्नु पर्नेछ।

५०. **<u>जोखिमको नियमित समीक्षा</u>**: जोखिम व्यवस्थापन नीतिको कम्तीमा वर्षमा एक पटक वा आवश्यकताअनुसार समीक्षा गरी सञ्चालक समितिबाट पुनःस्वीकृत गर्नु पर्नेछ।

५१. **<u>आन्तरिक लेखापरीक्षण</u>**: (१) मार्जिन ऋण कारोबारको आन्तरिक लेखापरीक्षण नियमित रूपमा गर्नु पर्नेछ।आन्तरिक लेखापरीक्षण तथा अनुपालन परीक्षण गर्दा अनुसूची ७ मा उल्लिखित विवरणको अनिवार्य परीक्षण गर्नुपर्नेछ ।

(२) लेखापरीक्षण प्रतिवेदन सञ्चालक समिति तथा बोर्डलाई आवश्यकताअनुसार उपलब्ध गराउनु पर्नेछ।

५२. **<u>स्वतन्त्र प्रणाली परीक्षण</u>**: बोर्डले आवश्यक ठानेमा सूचना प्रविधि प्रणाली, जोखिम व्यवस्थापन प्रणाली वा नियन्त्रण संयन्त्रको स्वतन्त्र परीक्षण (इन्डिपेन्डेन्ट भ्यालिडेसन) गर्न निर्देशन दिन सक्नेछ।

**५३. <u>आकस्मिक सुधारात्मक उपाय</u>ः** यदि कुनै संस्थाको जोखिम स्तर बोर्डले तोकेको स्वीकार्य सीमाभन्दा माथि गएमा बोर्डले देहायका निर्देशन दिन सक्नेछः-

(क) जोखिम न्यूनीकरण योजना पेश गर्न;

(ख) अतिरिक्त धितो कायम गर्न;

(ग) नयाँ मार्जिन ऋण वितरणमा अस्थायी सीमा लगाउन;

(घ) लाभांश वितरणमा रोक लगाउन;

(ङ) थप पूँजी कायम गर्न;

(च) अन्य आवश्यक सुधारात्मक उपाय अपनाउन।

## परिच्छेद - ७

## <u>सुशासन, अनुपालन तथा आन्तरिक नियन्त्रण</u>

**५४. <u>सुशासनको दायित्व</u>ः** (१) अनुमति प्राप्त मार्जिन ऋण प्रदायक संस्थाले आफ्नो सम्पूर्ण मार्जिन ऋण कारोबार निष्पक्ष, पारदर्शी, उत्तरदायी तथा सदाचारपूर्ण ढङ्गले सञ्चालन गर्नु पर्नेछ।

(२) संस्थाले सम्पूर्ण ग्राहकसंग निष्पक्ष व्यवहार गर्नु पर्नेछ।

(३) संस्थाले आफ्नो व्यावसायिक हितभन्दा ग्राहकको वैधानिक हितलाई प्राथमिकता दिनु पर्नेछ।

**५५. <u>सञ्चालक समितिको जिम्मेवारी</u>ः** सञ्चालक समितिको मुख्य जिम्मेवारी देहाय बमोजिम हुनेछः-

(क) मार्जिन ऋणसम्बन्धी नीति स्वीकृत गर्ने;

(ख) जोखिम स्वीकार्य सीमा (रिस्क एपिटाइट) निर्धारण गर्ने;

(ग) आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता सुनिश्चित गर्ने;

(घ) अनुपालनको नियमित समीक्षा गर्ने;

(ङ) जोखिम व्यवस्थापन समितिको प्रतिवेदनको समीक्षा गर्ने;

(च) जोखिम, अनुपालन तथा आन्तरिक लेखापरीक्षण प्रतिवेदनमाथि निर्णय गर्ने;

(छ) नियामकीय निर्देशनको कार्यान्वयन सुनिश्चित गर्ने।

**५६. <u>कार्यकारी प्रमुखको जिम्मेवारी</u>ः** (१) मार्जिन ऋण कारोवार गर्न अनुमतिपत्र प्राप्त संस्थाको कार्यकारी प्रमुखको मुख्य जिम्मेवारी देहाय बमोजिम हुनेछः-

(क) बोर्डद्वारा स्वीकृत नीतिको कार्यान्वयन गर्ने;

(ख) प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली कायम गर्ने;

(ग) आवश्यक मानव संशाधन तथा प्रविधिगत क्षमता सुनिश्चित गर्ने;

(घ) बोर्डमा सही, पूर्ण तथा समयमै प्रतिवेदन पेश गर्ने;

(ङ) नियामकीय प्रावधान उल्लङ्घन भएको अवस्थामा तत्काल सुधारात्मक कदम चाल्ने।

(२) बोर्डमा सुधारात्मक कार्ययोजना पेश गर्दा अनुसूची ८ बमोजिमको ढाँचामा पेश गर्नुपर्नेछ ।

५७. **<u>अनुपालन अधिकृत</u>**ः (१) प्रत्येक अनुमति प्राप्त संस्थाले पूर्णकालीन अनुपालन अधिकृत नियुक्त गर्नु पर्नेछ।

(२) अनुपालन अधिकृतले प्रत्यक्ष रूपमा कार्यकारी प्रमुख तथा सञ्चालक समितिको अनुपालन समितिलाई प्रतिवेदन पेश गर्न सक्ने व्यवस्था हुनु पर्नेछ।

(३) अनुपालन अधिकृतलाई आफ्नो कार्यसम्पादनमा अनुचित प्रभाव वा हस्तक्षेप गर्न पाइने छैन।

५८. **<u>आन्तरिक नियन्त्रण प्रणाली</u>**ः प्रत्येक संस्थाले कम्तीमा देहायका विषय समेटिएको आन्तरिक नियन्त्रण प्रणाली स्थापना गर्नु पर्नेछः-

(क) कार्य विभाजन;

(ख) मेकर-चेकर सिद्धान्त;

(ग) अधिकार प्रत्यायोजन;

(घ) कारोबार स्वीकृति प्रक्रिया;

(ङ) प्रणालीगत नियन्त्रण;

(च) पहुँच नियन्त्रण;

(छ) अभिलेख प्रमाणीकरण;

(ज) अपवाद व्यवस्थापन।

५९. **<u>स्वार्थको द्वन्द्व</u>**ः (१) मार्जिन ऋण कारोवार गर्न अनुमतिपत्र प्राप्त संस्थाले निर्देशिकामा तोकिए बमोजिमको स्वार्थको द्वन्द्व उत्पन्न हुन सक्ने अवस्थाको पहिचान, व्यवस्थापन तथा खुलासा गर्नु पर्नेछ।

(२) ग्राहकको हितमा प्रतिकूल असर पर्ने गरी आफ्नै खाताको कारोबार, सम्बद्ध पक्षसँगको कारोबार वा भित्री सूचनाको दुरुपयोग गर्न पाइने छैन।

६०. **<u>कर्मचारीको व्यक्तिगत कारोबार</u>**ः (१) संस्थाले कर्मचारी तथा पदाधिकारीको व्यक्तिगत धितोपत्र कारोबारसम्बन्धी आन्तरिक नीति बनाउनु पर्नेछ।

(२) संवेदनशील पदमा रहेका कर्मचारीको व्यक्तिगत कारोबारको अभिलेख राखी आवश्यक निगरानी गर्नु पर्नेछ।

६१. **<u>आचारसंहिता</u>**ः प्रत्येक अनुमति प्राप्त संस्थाले कम्तीमा निम्न विषय समावेश हुने गरी सञ्चालक, व्यवस्थापन तथा कर्मचारीका लागि आचारसंहिता तयार गरी कार्यान्वयन गर्नु पर्नेछः- '

(क) व्यावसायिक नैतिकता;

(ख) गोपनीयता;

(ग) ग्राहकसँगको व्यवहार;

(घ) स्वार्थको द्वन्द्व;

(ङ) उपहार तथा आतिथ्य सम्बन्धी;

(च) कारोवार कक्ष प्रवेश तथा युजर आईडि प्रयोग;

(छ) सूचना प्रयोगसम्बन्धी व्यवस्था।

६२. **लेखापरीक्षण**: (१) मार्जिन ऋण कारोवार गर्ने संस्थाले बाह्य लेखापरिक्षण गराउँदा मार्जिन ऋण कारोबारको पनि गर्नु पर्नेछ।

(२) मार्जिन ऋण कारोबारको आन्तरिक लेखापरीक्षण जोखिममा आधारित वार्षिक योजनाअनुसार गर्नु पर्नेछ।

(३) गम्भीर त्रुटि वा कमजोरी देखिएमा तत्काल सुधारात्मक कार्ययोजना लागू गर्नु पर्नेछ।

६३. **विशेष परीक्षण**: (१) बोर्डले आवश्यक ठानेमा मार्जिन ऋण कारोबारको सम्बन्धमा आफैं वा तेस्रो पक्षबाट परीक्षण गर्न निर्देशन दिन सक्नेछ।

(२) त्यस्तो परीक्षणमा पूर्ण सहयोग गर्नु अनुमति प्राप्त संस्थाको दायित्व हुनेछ।

६४. **सूचना प्रवाह तथा सूचनादाता (ह्विसलब्लोअर) को व्यवस्था**: (१) मार्जिन ऋण कारोवार गर्ने संस्थाले कर्मचारी/सरोकारवालालाई नियामकीय उल्लङ्घन, अनियमितता वा धितोपत्र कसूरसँग सम्बन्धित सूचना सुरक्षित रूपमा दिन सक्ने आन्तरिक व्यवस्था गर्नु पर्नेछ। अनुमति प्राप्त संस्थाले बोर्डमा ह्विसलब्लोअरबाट प्राप्त सूचना/घटनाको रिपोर्टीग अनुसूची ९ को ढाँचामा बोर्डले तोकेको समयावधिमा गर्नुपर्नेछ ।

(२) सूचना दिने व्यक्तिउपर प्रतिशोधात्मक कारबाही गर्न पाइने छैन।

६५. **आउटसोर्सिङ**: (१) सूचना प्रविधि, ब्याक-अप सेवा वा अन्य सहायक कार्य बाह्य सेवा प्रदायकमार्फत गराउन सकिनेछ, तर त्यसको अन्तिम नियामकीय जिम्मेवारी अनुमति प्राप्त संस्थाकै हुनेछ।

(२) आउटसोर्सिङ गर्दा ग्राहकको गोपनीयता, डाटा सुरक्षा, सेवा निरन्तरता र बोर्डको निरीक्षण अधिकारमा प्रतिकूल असर नपर्ने विषयमा ध्यान दिनु पर्नेछ ।

६६. **वार्षिक स्व-मूल्याङ्कन**: प्रत्येक अनुमति प्राप्त संस्थाले वर्षमा कम्तीमा एक पटक सुशासन, अनुपालन, जोखिम व्यवस्थापन तथा आन्तरिक नियन्त्रण प्रणालीको स्व-मूल्याङ्कन गरी सञ्चालक समितिबाट अनुमोदन गराई बोर्डसमक्ष पेश गर्नु पर्नेछ। संस्थाले जोखिम व्यवस्थापन सम्बन्धमा स्व-मुल्यांकन गरी बोर्डले तोकेको समयमा बोर्ड समक्ष पेश गर्नुपर्नेछ । स्व-मुल्यांकन गर्दा बोर्ड समक्ष पेश गर्नुपर्ने विवरणको चेकलिष्ट अनुसूची १० मा उल्लेख गरिएको छ ।

## परिच्छेद - ८

## ग्राहक सम्पत्ति संरक्षण तथा संरक्षक व्यवस्था

६७. **ग्राहक सम्पत्ति संरक्षणको सिद्धान्तः** (१) अनुमति प्राप्त मार्जिन ऋण प्रदायक संस्थाले ग्राहकको नगद, धितोपत्र तथा अन्य धितोको सुरक्षा, गोपनीयता र वैधानिक हितको संरक्षण सुनिश्चित गर्नु पर्नेछ।

(२) बोर्डले स्वीकृत गरेको सीमित अवस्थाहरूमा वाहेक ग्राहकको सम्पत्ति संस्थाको आफ्नै सम्पत्ति वा अन्य ग्राहकको सम्पत्तिसँग मिसाउन पाइने छैन ।

६८. **ग्राहक सम्पत्तिको पृथकीकरणः** (१) ग्राहकको नगद र धितोपत्र छुट्टाछुट्टै अभिलेख तथा खातामा राख्नु पर्नेछ।

(२) प्रत्येक ग्राहकको स्वामित्व स्पष्ट देखिने गरी रेकर्ड राख्नु पर्नेछ।

(३) यस नियमावली वा ग्राहकसँग भएको सम्झौताले स्पष्ट रूपमा अनुमति दिएको अवस्थामा बाहेक ग्राहकको सम्पत्ति संस्थाको आफ्नै दायित्व पूर्तिका लागि प्रयोग गर्न पाइने छैन ।

६९. **ग्राहक धितोपत्रको संरक्षक व्यवस्थाः** (१) मार्जिन ऋणका लागि धितो राखिएका धितोपत्र बोर्डबाट स्वीकृत केन्द्रीय निक्षेप संस्थाको प्रणाली मार्फत सुरक्षित राख्नु पर्नेछ।

(२) धितो धितोपत्रको स्थानान्तरण, रोक्का, फुकुवा तथा बिक्री बोर्डले तोकेको प्रणाली र कार्यविधिअनुसार मात्र गर्न पाइनेछ।

७०. **ग्राहक रकमको व्यवस्थापनः** (१) ग्राहकबाट प्राप्त रकम छुट्टै पहिचान हुने गरी राख्नु पर्नेछ।

(२) ग्राहकको रकम संस्थाको सञ्चालन खर्च, आफ्नै लगानी वा अन्य असम्बन्धित प्रयोजनमा प्रयोग गर्न पाइने छैन।

७१. **ग्राहक सम्पत्तिको प्रयोगमा प्रतिबन्धः** (१) ग्राहकको स्पष्ट लिखित वा विद्युतीय सहमति तथा यस नियमावली बमोजिम बाहेक ग्राहकको धितोपत्र वा रकम प्रयोग गर्न पाइने छैन।

(२) प्रचलित कानुन वा बोर्डले स्वीकृत गरेको अवस्थामा वाहेक ग्राहकको सम्पत्ति तेस्रो पक्षको दायित्वको सुरक्षणका रूपमा राख्न पाइने छैन ।

७२. **ग्राहक सम्पत्तिको अभिलेखः** अनुमति प्राप्त संस्थाले प्रत्येक ग्राहकको सम्पत्तिसम्बन्धी निम्न विवरण अद्यावधिक राख्नु पर्नेछः-

(क) धितोपत्रको प्रकार र परिमाण;

(ख) नगद मौज्दात;

(ग) धितोको स्थिति;

(घ) दैनिक मूल्याङ्कन;

(ङ) रोक्का तथा फुकुवा विवरण;

(च) धितो बिक्रीसम्बन्धी विवरण;

(छ) बोर्डले तोकेका अन्य विवरण।

७३. **<u>ग्राहक विवरण उपलब्ध गराउने दायित्व</u>**ः (१) संस्थाले ग्राहकलाई मार्जिन खाताको विवरण नियमित रूपमा उपलब्ध गराउनु पर्नेछ।

(२) ग्राहकले माग गरेमा उचित अवधिभित्र सम्पूर्ण खाता विवरण उपलब्ध गराउनु पर्नेछ।

७४. **<u>टाट पल्टिएको वा इजाजत खारेज भएको अवस्थामा ग्राहक सम्पत्तिको संरक्षण</u>**ः (१) अनुमति प्राप्त संस्था टाट पल्टिएमा, इजाजत निलम्बन वा खारेज भएमा पनि ग्राहकको सम्पत्ति संस्थाको आफ्नै सम्पत्तिको रूपमा गणना गरिने छैन।

(२) त्यस्तो अवस्थामा ग्राहकको सम्पत्ति कानुनबमोजिम सम्बन्धित ग्राहकलाई फिर्ता गर्ने व्यवस्था गर्नु पर्नेछ।

(३) बोर्डले आवश्यक ठानेमा ग्राहक सम्पत्तिको संरक्षण तथा स्थानान्तरणका लागि विशेष प्रशासक, संरक्षक संस्था वा अन्य उपयुक्त व्यवस्था गर्न सक्नेछ।

७५. **<u>ग्राहक सम्पत्तिको स्थानान्तरण</u>**ः बोर्डको स्वीकृति तथा ग्राहकको अधिकार सुरक्षित रहने गरी ग्राहकको मार्जिन खाता वा धितोपत्र अर्को अनुमति प्राप्त संस्थामा स्थानान्तरण गर्न सकिनेछ।

७६. **<u>ग्राहक गुनासो व्यवस्थापन</u>**ः (१) प्रत्येक अनुमति प्राप्त संस्थाले ग्राहक गुनासो दर्ता, छानबिन र समाधानका लागि छुट्टै व्यवस्था गर्नु पर्नेछ।

(२) बोर्डले माग गरेमा गुनासोको अभिलेख उपलब्ध गराउनु पर्नेछ।

(३) गुनासो समाधानको समयसीमा बोर्डले निर्देशिकामार्फत निर्धारण गरे बमोजिम हुनेछ।

७७. **<u>गोपनीयता</u>**ः ग्राहकको व्यक्तिगत, वित्तीय तथा कारोबारसम्बन्धी जानकारी देहायको अवस्थामा बाहेक गोप्य राख्नु पर्नेछ।

(क) प्रचलित कानुनबमोजिम माग भएमा;

(ख) अदालत वा अधिकारप्राप्त निकायको आदेशबमोजिम;

(ग) उचित प्रयोजनका लागि बोर्डबाट माग भएमा;

(घ) ग्राहकको सहमतिमा।

७८. **<u>ग्राहक हित संरक्षण नीति</u>**ः प्रत्येक अनुमति प्राप्त संस्थाले कम्तीमा देहायका विषय समावेश हुने गरी ग्राहक हित संरक्षण सम्बन्धी लिखित नीति तयार गरी कार्यान्वयन गर्नु पर्नेछः-

(क) ग्राहक सम्पत्ति संरक्षण;

(ख) निष्पक्ष व्यवहार;

(ग) सूचना प्रवाह;

(घ) गुनासो व्यवस्थापन;

(ङ) स्वार्थको द्वन्द्व व्यवस्थापन;

(च) सेवा गुणस्तर मापदण्ड।

## परिच्छेद - ९

## अभिलेख, लेखा तथा नियामकीय प्रतिवेदन

७९. **अभिलेख राख्नुपर्ने दायित्व**: (१) प्रत्येक अनुमति प्राप्त मार्जिन ऋण प्रदायक संस्थाले आफ्नो सम्पूर्ण मार्जिन ऋण कारोबारसँग सम्बन्धित अभिलेख सही, पूर्ण तथा अद्यावधिक रूपमा राख्नु पर्नेछ।

(२) अभिलेख विद्युतीय वा भौतिक माध्यममा राख्न सकिनेछ, तर त्यसको सत्यता, पूर्णता तथा पुनःप्राप्ति सुनिश्चितता गरिएको हुनु पर्नेछ।

८०. **राख्नुपर्ने न्यूनतम अभिलेख**: संस्थाले कम्तीमा देहायका अभिलेख सुरक्षित राख्नु पर्नेछः-

(क) ग्राहक परिचय अभिलेख;

(ख) ग्राहक उपयुक्तता मूल्याङ्कन;

(ग) मार्जिन सम्झौता;

(घ) मार्जिन खाताको दैनिक विवरण;

(ङ) धितो तथा धितोपत्रको विवरण;

(च) दैनिक मार्क टु मार्केट अभिलेख;

(छ) मार्जिन कल अभिलेख;

(ज) अनिवार्य बिक्री (फोर्ड लिक्विडेशन) अभिलेख;

(झ) ब्याज तथा शुल्कको विवरण;

(ञ) जोखिम व्यवस्थापन प्रतिवेदन;

(ट) सञ्चालक समिति तथा जोखिम व्यवस्थापन समितिका निर्णयहरू;

(ठ) गुनासो तथा समाधानको विवरण;

(ड) बोर्डले तोकेका अन्य अभिलेख।

८१. **अभिलेख सुरक्षित राख्ने अवधि**: (१) यस नियमावली अन्तर्गतका अभिलेख बोर्डले तोकेको न्यूनतम अवधिसम्म सुरक्षित राख्नु पर्नेछ।

(२) कुनै अनुसन्धान, मुद्दा वा नियामकीय कारबाही विचाराधीन रहेको अवस्थामा त्यस्ता अभिलेख अन्तिम निर्णय नभएसम्म नष्ट गर्न पाइने छैन।

८२. **नियामकीय प्रतिवेदन**: (१) अनुमति प्राप्त संस्थाले बोर्डलाई अनुसूची ११ मा उल्लेख भए बमोजिमको समयावधिमा उक्त अनुसूचीमा उल्लेख भए बमोजिमका न्यूनतम विवरण समावेश गरी नियामकीय प्रतिवेदन पेश गर्नुपर्नेछ ।

(२) प्रतिवेदनको ढाँचा, समयसीमा तथा विवरण बोर्डले निर्देशिकामार्फत निर्धारण गरे बमोजिम हुनेछ।

८३. **तत्काल सूचना दिनुपर्ने अवस्था**: देहायका अवस्थाहरू उत्पन्न भएमा अनुमति प्राप्त संस्थाले बोर्डलाई तत्काल सूचना दिनु पर्नेछः-

(क) ठूलो दायित्व उल्लङ्घन (डिफल्ट);

(ख) प्रणाली अवरोध वा फेलियर;

(ग) साइबर सुरक्षा घटना;

(घ) ग्राहक सम्पत्तिमा असर पर्ने घटना;

(ङ) नियामकीय उल्लङ्घन;

(च) बजार स्थायित्वमा असर पर्ने अन्य कुनै घटना।

८४. **विद्युतीय अभिलेखको वैधानिक मान्यता**: यस नियमावली बमोजिम सुरक्षित रूपमा राखिएका विद्युतीय अभिलेख, डिजिटल हस्ताक्षरयुक्त विवरण तथा प्रणालीबाट उत्पन्न प्रतिवेदनलाई प्रचलित कानुनबमोजिम वैधानिक अभिलेख मानिनेछ।

## परिच्छेद - १०

## सूचना प्रविधि, साइबर सुरक्षा तथा व्यवसाय निरन्तरता

८५. **सूचना प्रविधि प्रणाली**: (१) अनुमति प्राप्त मार्जिन ऋण प्रदायक संस्थाले मार्जिन ऋण कारोबार सुरक्षित, भरपर्दो, स्वचालित तथा परीक्षण गरिएको सूचना प्रविधि प्रणालीमार्फत सञ्चालन गर्नुपर्नेछ।

(२) सूचना प्रविधि प्रणालीले कम्तीमा देहायका कार्यहरू गर्न सक्ने हुनु पर्नेछः-

(क) मार्जिन खाता व्यवस्थापन;

(ख) वास्तविक समय वा बोर्डले तोकेको अवधिमा जोखिम अनुगमन;

(ग) दैनिक मार्क टु मार्केट गणना;

(घ) स्वचालित मार्जिन कल;

(ङ) धितो वा सुरक्षण व्यवस्थापन;

(च) नियामकीय प्रतिवेदन तयार गर्ने;

(छ) अडिट ट्रेल कायम गर्ने;

(ज) अन्य बोर्डले तोकेका कार्यहरू।

८६. **प्रणाली एकीकरण**: (१) अनुमति प्राप्त संस्थाको सूचना प्रविधि प्रणाली आवश्यकता अनुसार धितोपत्र बजार, केन्द्रिय निक्षेप संस्था, भुक्तानी प्रणाली तथा बोर्डले स्वीकृत अन्य पूर्वाधारसँग सुरक्षित रूपमा एकीकृत हुनु पर्नेछ।

(२) प्रणाली एकीकरणका लागि प्रयोग हुने इन्टरफेस, सन्देश मापदण्ड (मेसेजिङ्ग स्ट्याण्डर्ड) तथा सुरक्षा प्रोटोकल बोर्डले निर्देशिकामार्फत निर्धारण गरे बमोजिम हुनेछ।

८७. **साइबर सुरक्षा व्यवस्था**: (१) प्रत्येक अनुमति प्राप्त संस्थाले जोखिममा आधारित साइबर सुरक्षा ढाँचा लागू गर्नु पर्नेछ।

(२) अनुमति प्राप्त संस्थाले सूचना प्रविधिमा कम्तीमा देहायका सुरक्षा उपायहरू अवलम्बन गर्नु पर्नेछः-

(क) बहु-कारक प्रमाणीकरण (मल्टी फ्याक्टर अथेन्टीकेसन);

(ख) डाटा सङ्केतिकरण (इनक्रिप्सन);

(ग) पहुँच नियन्त्रण (एक्सेस कन्ट्रोल);

(घ) सुरक्षा निगरानी तथा घटना व्यवस्थापन;

(ङ) कमजोर पक्ष (भल्नर्याविलिटी) परीक्षण;

(च) पेनिट्रेसन टेष्टींग;

(छ) अन्य बोर्डले तोकेका उपायहरू।

८८. **साइबर सुरक्षा घटना प्रतिवेदन**: (१) साइबर आक्रमण, डाटा चुहावट, प्रणालीमा अनधिकृत प्रवेश वा अन्य गम्भीर साइबर सुरक्षा घटना भएमा अनुमति प्राप्त संस्थाले बोर्डलाई तत्काल सूचना दिनु पर्नेछ।

(२) त्यस्तो घटनाको अनुसन्धान, प्रभाव मूल्याङ्कन तथा सुधारात्मक कार्ययोजना बोर्डले तोकेको ढाँचामा पेश गर्नु पर्नेछ।

८९. **व्यवसाय निरन्तरता योजना**: (१) प्रत्येक अनुमति प्राप्त संस्थाले व्यवसाय निरन्तरता योजना तथा विपद् पुनःस्थापना योजना तयार गरी कार्यान्वयन गर्नु पर्नेछ।

(२) व्यवसाय निरन्तरता योजना तथा विपद् पुनःस्थापना योजनामा कम्तीमा देहायका विषय समावेश हुनु पर्नेछः-

(क) महत्वपूर्ण सेवा निरन्तरता;

(ख) वैकल्पिक कार्यस्थल;

(ग) डाटा पुनःप्राप्ति;

(घ) प्रणाली पुनःस्थापना;

(ङ) सञ्चार योजना;

(च) जिम्मेवारी बाँडफाँट।

९०. **प्रकोप पुनःस्थापन स्थल**: (१) अनुमति प्राप्त संस्थाले बोर्डले तोकेको मापदण्डअनुसार प्रकोप पुनःस्थापन स्थल स्थापना वा प्रयोग गर्नु पर्नेछ।

(२) प्राथमिक प्रणालीमा अवरोध आएमा निर्धारित समयभित्र कारोबार पुनः सञ्चालन गर्न सक्ने क्षमता हुनु पर्नेछ।

९१. **प्रणाली परीक्षण**ः (१) सूचना प्रविधि प्रणाली, व्यवसाय निरन्तरता योजना तथा विपद् पुनःस्थापना योजनाको नियमित परीक्षण गर्नु पर्नेछ।

(२) परीक्षणको अभिलेख राखी बोर्डले मागेको वखत उपलब्ध गराउनु पर्नेछ।

९२. **डाटा संरक्षण तथा गोपनीयता**ः (१) ग्राहक तथा कारोबारसम्बन्धी सम्पूर्ण डाटा सुरक्षित राख्नु पर्नेछ।

(२) व्यक्तिगत तथा गोप्य जानकारी अनधिकृत पहुँच, परिवर्तन, नष्ट वा चुहावटबाट सुरक्षित राख्न आवश्यक प्राविधिक तथा प्रशासनिक उपाय अवलम्बन गर्नु पर्नेछ।

९३. **अडिट ट्रेल**ः (१) प्रणालीले प्रत्येक महत्वपूर्ण कार्यको अडिट ट्रेल स्वतः तयार गर्नु पर्नेछ।

(२) अडिट ट्रेलमा प्रयोगकर्ता, समय, कार्यको प्रकृति तथा परिवर्तनको विवरण समावेश हुनु पर्नेछ।

(३) अडिट ट्रेललाई अनधिकृत रूपमा मेट्न वा परिवर्तन गर्न नपाइने व्यवस्था हुनु पर्नेछ।

## परिच्छेद - ११

## निरीक्षण, सुपरिवेक्षण तथा अनुसन्धान

९४. **बोर्डलाई निरीक्षणको पहुँच**ः बोर्डले आवश्यक ठानेमा सूचना प्रविधि प्रणाली, सुरक्षा नियन्त्रण, अडिट ट्रेल तथा सम्बन्धित अभिलेखको परीक्षण, निरीक्षण वा स्वतन्त्र मूल्याङ्कन गर्न सक्नेछ र अनुमति प्राप्त संस्थाले आवश्यक सहयोग गर्नु पर्नेछ।

९५. **बोर्डको निरीक्षण तथा सुपरिवेक्षण अधिकार**ः (१) बोर्डले यस नियमावली, प्रचलित कानून तथा बोर्डबाट जारी निर्देशनको पालना भए/नभएको सम्बन्धमा अनुमति प्राप्त मार्जिन ऋण प्रदायक संस्थाको नियमित वा विशेष निरीक्षण, सुपरिवेक्षण तथा अनुसन्धान गर्न सक्नेछ। बोर्डले निरीक्षण गर्दा अनुसूची १२ मा उल्लिखित विवरणका आधारमा समीक्षा गर्नेछ ।

(२) निरीक्षण जोखिममा आधारित वा आवश्यकता अनुसार विषयगत वा आकस्मिक हुन सक्नेछ।

९६. **निरीक्षणका प्रकार**ः बोर्डले आवश्यकता अनुसार देहायका प्रकारका निरीक्षण गर्न सक्नेछः-

(क) नियमित निरीक्षण;

(ख) जोखिममा आधारित निरीक्षण;

(ग) विषयगत निरीक्षण;

(घ) विशेष निरीक्षण;

(ङ) सूचना प्रविधि तथा साइबर सुरक्षा निरीक्षण;

(च) फरेन्सिक अनुसन्धान;

(छ) बोर्डले आवश्यक ठानेका अन्य निरीक्षण।

९७. **<u>निरीक्षणका लागि अभिलेख उपलब्ध गराउने दायित्व</u>**: (१) अनुमति प्राप्त संस्थाले बोर्डले मागेको अभिलेख, विवरण, तथ्यांक, प्रणाली पहुँच तथा आवश्यक स्पष्टीकरण तोकिएको समयभित्र उपलब्ध गराउनु पर्नेछ।

(२) निरीक्षणमा अवरोध, तथ्य लुकाउने, गलत सूचना दिने वा सहयोग नगर्ने कार्य निषेध हुनेछ। यस्तो कार्य गरेमा धितोपत्र सम्बन्धी तथा अन्य प्रचलित कानून बमोजिम कारवाही हुनेछ ।

९८. **<u>निरीक्षण प्रतिवेदन</u>**: (१) निरीक्षण सम्पन्न भएपछि बोर्डले निरीक्षण प्रतिवेदन तयार गर्नेछ।

(२) प्रतिवेदनमा कम्तीमा देहायका विषय समावेश हुनेछः-

(क) प्रमुख निष्कर्ष;

(ख) उल्लङ्घन भएका कानुनी व्यवस्था;

(ख) जोखिम मूल्याङ्कन स्तर;

(ग) सुधारात्मक निर्देशन;

(घ) कार्यान्वयन समयसीमा।

९९. **<u>सुधारात्मक कार्ययोजना</u>**: (१) निरीक्षणमा कमजोरी वा उल्लङ्घन देखिएमा अनुमति प्राप्त संस्थाले बोर्डले तोकेको अवधिभित्र सुधारात्मक कार्ययोजना पेश गर्नु पर्नेछ।

(२) बोर्डले उक्त कार्ययोजनाको कार्यान्वयन अनुगमन गर्न सक्नेछ।

१००. **<u>विशेष अनुसन्धान</u>**: बजार दुरुपयोग, ग्राहक सम्पत्तिको दुरुपयोग, मार्जिन हेरफेर, भित्री कारोबार, झूटा कारोबार, अन्य धितोपत्र सम्बन्धी कसूर, साइबर आक्रमण वा अन्य गम्भीर घटनाको आशंका भएमा बोर्डले विशेष अनुसन्धान गर्न सक्नेछ।

१०१. **<u>जोखिम मूल्याङ्कन प्रणाली</u>**: (१) बोर्डले अनुमति प्राप्त संस्थाहरूको जोखिम मूल्याङ्कन गर्न जोखिम-आधारित सुपरिवेक्षण प्रणाली लागू गर्न सक्नेछ।

(२) जोखिम मूल्याङ्कनमा देहायका सूचकहरू विचार गर्न सकिनेछ‘

(क) पूँजी पर्याप्तता;

(ख) मार्जिन एक्सपोजर;

(ग) ग्राहक एकाग्रता;

(घ) डिफल्ट दर;

(ङ) तरलता;

(च) आन्तरिक नियन्त्रण;

(छ) साइबर सुरक्षा;

(ज) नियामकीय अनुपालन;

(झ) गुनासोको अवस्था;

(ञ) अन्य बोर्डले तोकेका सूचक।

१०२. **<u>निरीक्षणपश्चात् जारी गर्न सकिने निर्देशन</u>**ः निरीक्षण वा अनुसन्धानको आधारमा बोर्डले नियम ५३ बमोजिमको निर्देशन दिन सक्नेछ ।

## परिच्छेद - १२

## बजार जोखिम व्यवस्थापन तथा संकट नियन्त्रण

१०३. **<u>बजार जोखिमको पहिचान</u>**ः बोर्डले देहायका अवस्थालाई बजार जोखिमको रूपमा वर्गीकरण गर्न सक्नेछः-

(क) अत्यधिक मूल्य उतारचढाव;

(ख) बजार तरलतामा उल्लेखनीय गिरावट;

(ग) अत्याधिक मार्जिन कल;

(घ) ठूलो मात्रामा फोर्स्ड लिक्विडेशन;

(ङ) कुनै एक वा बढी प्रणालीगत रुपमा महत्वपूर्ण संस्थामा समस्या;

(च) भुक्तानी वा फछ्र्यौट प्रणालीमा अवरोध;

(छ) साइबर आक्रमण;

(ज) प्राकृतिक विपद् वा राष्ट्रिय संकटकाल;

(झ) बोर्डले तोकेका अन्य अवस्था।

१०४. **<u>बजार स्थायित्वका लागि विशेष अधिकार</u>**ः बोर्डले आवश्यक ठानेमा निम्नमध्ये एक वा एकभन्दा बढी उपाय लागू गर्न सक्नेछः-

(क) मार्जिन आवश्यकतामा अस्थायी परिवर्तन;

(ख) हेयरकट समायोजन;

(ग) निश्चित धितोपत्रमा मार्जिन कारोबार स्थगन;

(घ) नयाँ मार्जिन ऋणमा अस्थायी सीमा;

(ङ) थप खुलासा गर्न निर्देशन;

(च) अन्य आवश्यक नियामकीय उपाय।

१०५. **<u>बजार जोखिम अनुगमन प्रणाली</u>**ः बोर्डले वास्तविक समय वा बोर्डले निर्धारण गरेको आवृत्तिमा बजार जोखिम अनुगमन गर्न कम्तीमा देहायका सूचकहरूको निगरानी गर्ने गरी प्रणाली सञ्चालन गर्न सक्नेछः-

(क) मार्जिन एक्सपोजर;

(ख) लिबरेज रेसियो;

(ग) फोर्ड लिक्विडेशन;

(घ) केन्द्रीकृत जोखिम;

(ङ) तरलता सूचक;

(च) राफसाफ जोखिम;

(छ) उतारचढाव सूचक।

१०६. **<u>आकस्मिक नियामकीय निर्देशन</u>ः** आपतकालीन अवस्थामा बोर्डले सार्वजनिक हित, बजारको निष्पक्षता वा वित्तीय स्थायित्वको संरक्षणका लागि तत्काल लागू हुने गरी विशेष निर्देशन जारी गर्न सक्नेछ।

१०७. **<u>प्रणालीगत जोखिम मूल्याङ्कन</u>ः** बोर्डले नियमित रूपमा प्रणालीगत जोखिमको मूल्याङ्कन गरी आवश्यक नियामकीय उपाय अपनाउन सक्नेछ।

१०८. **<u>आकस्मिक कार्ययोजना</u>ः** प्रत्येक अनुमति प्राप्त संस्थाले बजार संकटको अवस्थामा लागू हुने संकट व्यवस्थापन योजना तयार गरी बोर्डको निरीक्षणका लागि उपलब्ध गराउनु पर्नेछ।

१०९. **<u>बोर्डको विशेष आदेशः</u>** सार्वजनिक हित, लगानीकर्ता संरक्षण वा बजार स्थायित्वका लागि आवश्यक देखिएमा बोर्डले कारणसहित विशेष आदेश जारी गर्न सक्नेछ।

## परिच्छेद - १३

## <u>दायित्व उल्लङ्घन (डिफल्ट) तथा संकट व्यवस्थापन</u>

११०. **<u>डिफल्ट सम्बन्धी व्यवस्था</u>ः** मार्जिन ऋण कारोवारका सम्बन्धमा देहायको अवस्था सिर्जना भएमा ग्राहकले डिफल्ट गरेको मानिनेछः-

(क) तोकिएको अवधिभित्र मार्जिन कल पूरा नगर्नु;

(ख) ऋण वा ब्याज समयमै भुक्तानी नगर्नु;

(ग) झूटा वा भ्रामक विवरण उपलब्ध गराउनु;

(घ) धितो वा सुरक्षणमा अनधिकृत हस्तक्षेप गर्नु;

(ङ) सम्झौताअनुसारको अन्य दायित्व पूरा नगर्नु;

(च) बोर्डले निर्देशिकामार्फत तोकेका अन्य अवस्था।

१११. **<u>प्रारम्भिक सुधारात्मक उपाय</u>ः** ग्राहकले डिफल्ट गरेको देखिएमा अनुमति प्राप्त संस्थाले आवश्यकताअनुसार देहायका उपाय अपनाउन सक्नेछः-

(क) मार्जिन कल गर्ने;

(ख) थप धितो माग गर्ने;

(ग) कारोबारमा अस्थायी प्रतिबन्ध लगाउने;

(घ) ऋण सीमा घटाउने;

(ङ) जोखिमको पुनर्मूल्याङ्कन गर्ने।

**११२. <u>धितोको अनिवार्य बिक्री (फोर्स्ड लिक्विडेशन)</u>**: (१) ग्राहकले तोकिएको अवधिभित्र दायित्व पूरा नगरेमा अनुमति प्राप्त संस्थाले धितोको सम्पूर्ण वा आवश्यक अंश बिक्री गर्न सक्नेछ।

(२) तोकिएको अवधिभित्र धितोको बिक्री गर्न नसकेमा अनुमति प्राप्त संस्थाले लिलाम बढाबढ मार्फत् धितोको विक्री गर्न सक्नेछ ।

(३) बिक्रीको प्रक्रिया, प्राथमिकता र सूचना सम्बन्धी व्यवस्था बोर्डले निर्देशिकामार्फत निर्धारण गरे बमोजिम हुनेछ।

**११३. <u>घाटा व्यवस्थापन</u>**: धितो वा सुरक्षण बिक्रीपश्चात् बाँकी दायित्व रहेको अवस्थामा ग्राहक प्रचलित कानून तथा सम्झौताबमोजिम बाँकी रकम भुक्तानी गर्न जिम्मेवार हुनेछ।

**११४. <u>अग्राधिकार कायम रहने</u>**: यस नियमावली बमोजिम धितो वा सुरक्षणमा रहेका धितोपत्र माथि ऋण चुक्ता नहुन्जेल अनुमति प्राप्त संस्थाको अग्राधिकार कायम रहनेछ ।

**११५. <u>डिफल्ट भएको ग्राहकमाथिको प्रतिबन्ध</u>**: गम्भीर वा पटक-पटक डिफल्ट गर्ने ग्राहकलाई बोर्डले तोकेको अवधिसम्म थप मार्जिन ऋण सुविधा सीमित वा निलम्बन गर्न सक्नेछ।

**११६. <u>निर्देशिका जारी गर्ने अधिकार</u>**: यस व्यवस्थाको प्रभावकारी कार्यान्वयनका लागि बोर्डले देहायका विषयमा निर्देशिका जारी गर्न सक्नेछः-

(क) डिफल्ट वर्गीकरण फ्रेमवर्क;

(ख) अनिवार्य बिक्री कार्य प्रक्रिया;

(ग) असुली कार्य प्रक्रिया;

(घ) ग्राहक सञ्चार मानक;

(ङ) घाटा विनियोजन पद्धति;

(च) बजार स्थायित्व मापन;

(छ) बोर्डले आवश्यक देखेका अन्य विषयहरु ।

## परिच्छेद - १४

## <u>प्रशासनिक कारबाही तथा सजाय</u>

**११७. <u>नियम उल्लङ्घनको वर्गीकरण</u>**: (१) यस नियमावली अन्तर्गतका उल्लङ्घनलाई देहाय बमोजिम वर्गीकरण गरिनेछः-

(क) सामान्य उल्लङ्घन;

(ख) गम्भीर उल्लङ्घन;

(ग) प्रणालीगत वा गम्भीर नियामकीय उल्लङ्घन।

(२) उल्लङ्घनको वर्गीकरण तथा मापदण्ड बोर्डले निर्देशिकामार्फत निर्धारण गरे बमोजिम हुनेछ।

११८. **<u>प्रशासनिक कारबाही</u>**ः उल्लङ्घनको प्रकृति तथा गाम्भिर्यता अनुसार बोर्डले देहायका प्रशासनिक कारबाही गर्न सक्नेछः-

(क) सचेत गराउने;

(ख) सुधारात्मक निर्देशन जारी गर्ने;

(ग) निश्चित अवधिभित्र सुधार गर्न आदेश दिने;

(घ) थप प्रतिवेदन माग गर्ने;

(ङ) विशेष निरीक्षण गर्ने;

(च) कारोबारमा अस्थायी सीमा लगाउने;

(छ) नयाँ मार्जिन ऋण स्वीकृति रोक्ने;

(ज) इजाजत निलम्बन गर्ने;

(झ) इजाजत खारेज गर्न सिफारिस गर्ने वा प्रचलित कानूनबमोजिम आवश्यक निर्णय गर्ने।

११९. **<u>आर्थिक जरिवाना</u>**ः (१) यस नियमावली वा बोर्डको निर्देशन उल्लङ्घन गर्ने अनुमति प्राप्त संस्थामाथि प्रचलित कानूनको अधीनमा रही आर्थिक जरिवाना लगाउन सकिनेछ।

(२) जरिवानाको सीमा तथा प्रक्रिया धितोपत्र सम्बन्धी कानून बमोजिम हुनेछ।

१२०. **<u>इजाजत निलम्बन</u>**ः देहायका अवस्थामा बोर्डले सुनुवाइको उचित अवसर प्रदान गरी इजाजत निलम्बन गर्न सक्नेछः-

(क) गम्भीर नियामकीय उल्लङ्घन;

(ख) ग्राहक सम्पत्तिको दुरुपयोग;

(ग) झूटा प्रतिवेदन;

(घ) पूँजी पर्याप्ततामा गम्भीर कमी;

(ङ) प्रणालीगत जोखिम सिर्जना गर्ने कार्य;

(च) अन्य कानूनी आधार।

१२१. **<u>जिम्मेवार पदाधिकारी माथिको कारबाही</u>**ः उल्लङ्घनमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा संलग्न सञ्चालक, प्रमुख कार्यकारी अधिकृत, अनुपालन अधिकृत वा अन्य जिम्मेवार पदाधिकारीमाथि प्रचलित कानूनबमोजिम आवश्यक कारबाही गर्न सकिनेछ।

१२२. **<u>सुधारात्मक आदेश</u>**ः बोर्डले देहाय बमोजिमका सुधारात्मक आदेश दिन सक्नेछः-

(क) जोखिम न्यूनीकरण योजना लागू गर्न;

(ख) थप पूँजी कायम गर्न;

(ग) आन्तरिक नियन्त्रण सुदृढ गर्ने;

(घ) सूचना प्रविधि प्रणाली सुधार गर्ने;

(ङ) ग्राहक सम्पत्ति सुरक्षित गर्ने;

(च) अन्य आवश्यक उपाय अवलम्बन गर्ने।

१२३. **सार्वजनिक सूचना**: गोपनीयता कायम गर्नुपर्ने अवस्थामा बाहेक सार्वजनिक हित, लगानीकर्ता संरक्षण वा बजार पारदर्शिताका लागि आवश्यक देखिएमा बोर्डले आफ्नो निर्णय सार्वजनिक गर्न सक्नेछ।

१२४. **अन्य कानून आकर्षित हुने**: यस नियमावली अन्तर्गतको कारबाहीले धितोपत्र सम्बन्धी ऐन, कम्पनी ऐन, सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी कानून वा अन्य प्रचलित कानूनबमोजिम हुने कारबाहीलाई असर पार्ने छैन।

## परिच्छेद - १५

## पुनरावलोकन तथा विवाद समाधान

१२५. **सुनुवाइको अवसर**: (१) सार्वजनिक हित वा बजार स्थायित्वको संरक्षणका लागि अस्थायी आदेश आवश्यक भएको अवस्थामा वाहेक यस नियमावली बमोजिम कुनै प्रशासनिक कारबाही, इजाजत निलम्बन, इजाजत खारेजी वा अन्य प्रतिकूल निर्णय गर्नु अघि सम्बन्धित व्यक्ति वा संस्थालाई आफ्नो स्पष्टीकरण वा प्रतिरक्षा पेश गर्ने उचित अवसर प्रदान गरिनेछ ।

(२) उपनियम (१) बमोजिमको अस्थायी आदेश जारी भएको अवस्थामा सम्बन्धित पक्षलाई यथाशीघ्र सुनुवाइको अवसर प्रदान गरिनेछ।

१२६. **निर्णयको जानकारी**: बोर्डले गर्ने निर्णयमा कम्तीमा देहायका विषय स्पष्ट उल्लेख गर्नुपर्नेछः-

(क) निर्णयको आधार;

(ख) लागू हुने कानुनी व्यवस्था;

(ग) पालना गर्नुपर्ने निर्देशन;

(घ) कार्यान्वयनको समयसीमा;

(ङ) पुनरावलोकन वा अपिलको अधिकार ।

१२७. **पुनरावलोकन**: (१) बोर्डको निर्णयमा स्पष्ट तथ्यगत त्रुटि, नयाँ प्रमाण वा अन्य पर्याप्त आधार देखिएमा सम्बन्धित पक्षले बोर्डसमक्ष पुनरावलोकनका लागि निवेदन दिन सक्नेछ।

(२) पुनरावलोकनको प्रक्रिया, समयसीमा तथा आवश्यक कागजात बोर्डले निर्देशिकामार्फत निर्धारण गरे बमोजिम हुनेछ।

१२८. **पुनरावेदन**: बोर्डको निर्णयउपर प्रचलित धितोपत्र सम्बन्धी कानून वा अन्य सम्बन्धित कानूनमा व्यवस्था भएबमोजिम सम्बन्धित निकाय वा अदालतमा पुनरावेदन गर्न सकिनेछ।

१२९. **<u>गुनासो समाधान</u>**: (१) प्रत्येक अनुमति प्राप्त संस्थाले ग्राहक गुनासो दर्ता, अनुगमन र समाधानका लागि डिजिटल तथा लिखित दुवै माध्यम उपलब्ध गराउनु पर्नेछ।

(२) गुनासोको अभिलेख सुरक्षित राखी बोर्डले मागेको वखत उपलब्ध गराउनु पर्नेछ।

१३०. **<u>ग्राहक गुनासो निवारण प्रणाली</u>**: (१) अनुमति प्राप्त संस्था र ग्राहकबीच उत्पन्न विवादलाई छिटो, निष्पक्ष र लागत-प्रभावकारी रूपमा समाधान गर्ने उद्देश्यले संस्थाले आन्तरिक गुनासो तथा विवाद समाधान संयन्त्र सञ्चालन गर्नु पर्नेछ।

(२) आन्तरिक प्रक्रियाबाट समाधान हुन नसकेका विवादहरू प्रचलित कानूनबमोजिम मध्यस्थता, मेलमिलाप वा सक्षम निकायमा लैजान सकिनेछ।

१३१. **<u>मध्यस्थता तथा वैकल्पिक गुनासो समाधान</u>**: बोर्डले आवश्यक ठानेमा मार्जिन ऋणसम्बन्धी विवाद समाधानका लागि वैकल्पिक गुनासो समाधान सम्बन्धी निर्देशिका जारी गर्न सक्नेछ।

१३२. **<u>गोपनीयता</u>**: कानूनबमोजिम खुलासा गर्नुपर्ने अवस्थामा वाहेक गुनासो समाधान, पुनरावलोकन वा अनुसन्धानका क्रममा प्राप्त गोप्य जानकारी प्रचलित कानूनबमोजिम सुरक्षित राख्नु पर्नेछ ।

१३३. **<u>गुनासो समाधान समयसीमा</u>**: गुनासो समाधान प्रक्रियालाई छिटो छरितो तथा भरपर्दो बनाउन गुनासोको पुनरावलोकन, गुनासो तथा अन्य प्रक्रियाको समयसीमा बोर्डले निर्देशिकामार्फत निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद - १६

## <u>विविध तथा संक्रमणकालीन व्यवस्था</u>

१३४. **<u>निर्देशन जारी गर्ने अधिकार</u>**: (१) यस नियमावलीको प्रभावकारी कार्यान्वयनका लागि बोर्डले आवश्यक निर्देशन, मापदण्ड, कार्यविधि, परिपत्र वा आदेश जारी गर्न सक्नेछ।

(२) त्यस्ता निर्देशनहरू यस नियमावलीको उद्देश्य तथा प्रचलित कानूनसँग नबाझिने गरी जारी गर्नु पर्नेछ ।

१३५. **<u>अधिकार प्रत्यायोजन</u>**: बोर्डले यस नियमावली बमोजिम आफूलाई प्राप्त प्रशासनिक वा कार्यान्वयन सम्बन्धी अधिकार बोर्डको अध्यक्ष वा तोकिएको अधिकारीलाई प्रचलित कानूनबमोजिम प्रत्यायोजन गर्न सक्नेछ।

१३६. **<u>छूट दिने अधिकार</u>**: लगानीकर्ता संरक्षण वा बजारको निष्पक्षतामा प्रतिकूल असर नपर्ने गरी विशेष परिस्थिति, सार्वजनिक हित वा बजार विकासको आवश्यकतालाई दृष्टिगत गरी बोर्डले कारण उल्लेख गरी निश्चित व्यक्ति, संस्था, कारोबार वा वर्गलाई यस नियमावलीका केही व्यवस्थाबाट आंशिक वा पूर्ण छूट दिन सक्नेछ ।

१३७. **<u>कठिनाइ हटाउने अधिकार</u>**ः यस नियमावली कार्यान्वयनका क्रममा व्यावहारिक कठिनाइ उत्पन्न भएमा बोर्डले यस नियमावलीको उद्देश्यसँग नबाझिने गरी आवश्यक आदेश वा निर्देशन जारी गरी त्यस्तो कठिनाइ हटाउन सक्नेछ।

१३८. **<u>संक्रमणकालीन व्यवस्था</u>**ः (१) यस नियमावली लागू हुँदा सञ्चालनमा रहेका सम्बन्धित संस्थाहरूले बोर्डले तोकेको अवधिभित्र यस नियमावली बमोजिम आफ्ना प्रणाली, प्रक्रिया तथा आन्तरिक व्यवस्थाहरू अनुकूल बनाउनु पर्नेछ।

(२) बोर्डले चरणबद्ध रूपमा कार्यान्वयन गर्ने व्यवस्था गर्न सक्नेछ।

१३९. **<u>अन्य कानूनसँगको सम्बन्ध</u>**ः यस नियमावलीका व्यवस्था धितोपत्र सम्बन्धी ऐन तथा अन्य प्रचलित कानूनको अधीनमा रहनेछन्। कुनै विषयमा अन्य कानूनसँग बाझिएको देखिएमा प्रचलित कानून बमोजिम निर्णय हुनेछ।

१४०. **<u>अनुसूची संशोधन</u>**ः बोर्डले आवश्यकताअनुसार अनुसूचीहरूको ढाँचा, फारम वा प्राविधिक विवरण संशोधन वा अद्यावधिक गर्न सक्नेछ।

१४१. **<u>खारेजी तथा बचाउ</u>**ः यस नियमावली लागू हुनु अघि जारी भएका बोर्डका आदेश, निर्देशन वा परिपत्रहरू यस नियमावलीसँग बाझिएको हदसम्म स्वतः निष्क्रिय हुनेछन्। तर बोर्डले अन्यथा निर्णय नगरेसम्म यस नियमावलीसँग नबाझिने व्यवस्था कार्यान्वयनमा रहन सक्नेछन् ।

***

## अनुसूची—१

(नियम ७ सँग सम्बन्धित)

## मार्जिन कारोबार अनुमतिका लागि आवेदन फाराम

**(क) पृष्ठभूमि**

यो फाराम मार्फत कुनै इजाजतप्राप्त धितोपत्र दलाल व्यवसायी वा बोर्डबाट तोकिएको अन्य योग्य संस्थाले मार्जिन ऋण कारोबार सञ्चालन गर्न आवश्यक अनुमति प्राप्त गर्न नेपाल धितोपत्र बोर्ड नेपाल समक्ष आवेदन पेश गर्नेछ।

**(ख) आवेदकको विवरण**

| विवरण | जानकारी |
|---|---|
| संस्थाको नाम | |
| दर्ता नं. | |
| इजाजतपत्र नं. | |
| PAN नं. | |
| दर्ता कार्यालय | |
| प्रधान कार्यालयको ठेगाना | |
| सम्पर्क नं. | |
| इमेल | |
| वेभसाइट | |

**(ग) संस्थागत विवरण**

| **विवरण** | **जानकारी** |
|---|---|
| संस्थाको प्रकार | □ धितोपत्र दलाल □ अन्य |
| स्थापना मितिः | |
| चुक्ता पूँजीः | |
| नेटवर्थः | |
| नियामकीय पूँजी पर्याप्तताः | |
| कर्मचारी संख्याः | |

**(घ) सञ्चालक तथा प्रमुख व्यवस्थापन**

**१. सञ्चालक समितिको विवरण**

नामः

पदः

नागरिकता नं.ः

अनुभवः

**२. प्रमुख व्यवस्थापन**

| | नाम | पद | योग्यता | अनुभव |
|---|---|---|---|---|
| प्रमुख कार्यकारी अधिकृतः | | | | |
| प्रमुख वित्त अधिकृतः | | | | |
| जोखिम व्यवस्थापन प्रमुखः | | | | |
| अनुपालन अधिकृतः | | | | |
| सूचना प्रविधि प्रमुखः | | | | |

**(ङ) वित्तीय क्षमताः** यस अन्तर्गत संस्थाले निम्न विवरण उपलब्ध गराउनु पर्नेछः-

| विवरण | रकम |
|---|---|
| चुक्ता पूँजीः | |
| नेटवर्थः | |
| तरल सम्पत्तिः | |
| कुल सम्पत्तिः | |
| कुल दायित्वः | |
| नियामकीय पूँजी पर्याप्तताः | |

**संलग्न कागजातहरूः-**

१. पछिल्लो लेखापरीक्षित वित्तीय विवरण

२. लेखापरीक्षकको प्रतिवेदन

३. पूँजी पर्याप्तताको प्रमाण

**(च) जोखिम व्यवस्थापन प्रणाली**

आवेदकले निम्न व्यवस्था कार्यान्वयनमा रहेको घोषणा गर्नेछ।

| विवरण | छ | छैन |
|---|---|---|
| जोखिम व्यवस्थापन नीति | □ | □ |

| | | |
|---|---|---|
| मार्जिन नीति | □ | □ |
| Haircut नीति | □ | □ |
| आन्तरिक नियन्त्रण प्रणाली | □ | □ |
| Stress Testing Framework | □ | □ |
| Early Warning System | □ | □ |
| Business Continuity Plan | □ | □ |
| Disaster Recovery Plan | □ | □ |

**(छ) सूचना प्रविधि प्रणाली**

| **विवरण** | **छ** | **छैन** |
|---|---|---|
| Margin Engine | □ | □ |
| Real-Time Margin Monitoring | □ | □ |
| Client Risk Monitoring | □ | □ |
| Automated Margin Call | □ | □ |
| Automated Liquidation Facility | □ | □ |
| Audit Trail | □ | □ |
| Cyber Security Framework | □ | □ |

**(ज) अनुपालन घोषणा**

म/हामी यसद्वारा घोषणा गर्दछौं किः

१. यस आवेदनमा उल्लेखित सम्पूर्ण विवरण सत्य, पूर्ण तथा सही छन्।

२. संस्थाले प्रचलित धितोपत्र सम्बन्धी कानून, नियम, विनियम तथा बोर्डका निर्देशनहरूको पालना गर्नेछ।

३. बोर्डले आवश्यक ठानेमा थप विवरण, कागजात वा स्थलगत निरीक्षण गर्न सक्नेछ।

४. गलत विवरण पेश गरिएको पाइएमा बोर्डले आवेदन अस्वीकृत गर्न वा प्रचलित कानूनबमोजिम कारबाही गर्न सक्नेछ।

**(झ) संलग्न कागजातहरूको सूचीः-**

आवेदनसँग निम्न कागजातहरू संलग्न गर्नु पर्नेछः

१. कम्पनी दर्ता प्रमाणपत्र

२. धितोपत्र व्यवसाय अनुमतिपत्र

३. पछिल्लो लेखापरीक्षित वित्तीय विवरण

४. पूँजी पर्याप्तताको प्रमाण

५. सञ्चालक समितिको निर्णय

६. जोखिम व्यवस्थापन नीति

७. आन्तरिक नियन्त्रण नीति

८. सूचना प्रविधि प्रणालीको विवरण
९. Business Continuity Plan
१०. Disaster Recovery Plan
११. Compliance Manual
१२. अन्य आवश्यक कागजात

**(ञ) प्रमाणीकरण**

हामी यस आवेदनमा उल्लिखित सम्पूर्ण विवरण सत्य तथा प्रमाणित रहेको घोषणा गर्दछौं।

| पद | नाम | हस्ताक्षर | मिति |
|---|---|---|---|
| अध्यक्षः | | | |
| प्रमुख कार्यकारी अधिकृतः | | | |
| प्रमुख वित्त अधिकृतः | | | |
| अनुपालन अधिकृतः | | | |

**(ट) नेपाल धितोपत्र बोर्डको प्रयोगका लागि मात्र**

| विवरण | टिप्पणी | |
|---|---|---|
| आवेदन प्राप्त मितिः | | |
| आवेदन दर्ता नं. | | |
| कागजात पूर्णः | □ छ | □ छैन |
| प्रारम्भिक परीक्षणः | □ योग्य | □ अयोग्य |
| थप विवरण मागिएकोः | □ छ | □ छैन |
| निरीक्षण आवश्यकः | □ छ | □ छैन |
| अन्तिम निर्णयः | □ स्वीकृत | □ सर्तसहित स्वीकृत □ अस्वीकृत |

**नोटः**

१. यो आवेदन फाराम पूर्ण रूपमा भरी आवश्यक कागजातसहित बोर्डमा पेश गर्नु पर्नेछ।
२. अपूर्ण आवेदनउपर विचार गरिने छैन।
३. बोर्डले आवश्यक ठानेमा थप विवरण, स्पष्टीकरण वा स्थलगत निरीक्षण गर्न सक्नेछ।
४. झुट्टा वा भ्रामक विवरण पेश गरेमा आवेदन स्वतः अस्वीकृत हुन सक्नेछ र प्रचलित कानूनबमोजिम कारबाही गरिनेछ।

## अनुसूची–२

(नियम ८ सँग सम्बन्धित)

## मार्जिन कारोबार अनुमति मूल्याङ्कन तथा सिफारिस चेकलिस्ट

(मार्जिन कारोबार अनुमति प्रदान गर्नुअघि आवेदनको प्रारम्भिक परीक्षण, विस्तृत मूल्याङ्कन, जोखिम विश्लेषण तथा अन्तिम सिफारिसका लागि प्रयोग गर्ने आन्तरिक कार्यपत्र हो)

**(क) आवेदन सम्बन्धी विवरण**

| विवरण | जानकारी |
|---|---|
| आवेदन नं. | |
| आवेदन प्राप्त मितिः | |
| आवेदक संस्थाको नामः | |
| इजाजतपत्र/अनुमतिपत्र नं. | |
| संस्था प्रकारः | □ धितोपत्र दलाल □ अन्य |
| समीक्षा अधिकृतः | |
| समीक्षा शाखाः | |

**(ख) प्रारम्भिक परीक्षण (Preliminary Screening)**

| क्र.सं. | विवरण | छ | छैन | टिप्पणी |
|---|---|---|---|---|
| १ | आवेदन निर्धारित ढाँचामा पेश भएको | □ | □ | |
| २ | आवेदन पूर्ण रूपमा भरिएको | □ | □ | |
| ३ | सबै अनिवार्य कागजात संलग्न | □ | □ | |
| ४ | आवेदन शुल्क बुझाएको | □ | □ | |
| ५ | सञ्चालक समितिको निर्णय संलग्न | □ | □ | |

**प्रारम्भिक निष्कर्ष**

१. विस्तृत मूल्याङ्कनका लागि स्वीकार गर्ने

२. थप विवरण माग गर्ने

३. आवेदन फिर्ता गर्ने

**(ग) कानूनी योग्यता परीक्षण**

| विवरण | सन्तोषजनक | सुधार आवश्यक | टिप्पणी |
|---|---|---|---|
| धितोपत्र व्यवसाय इजाजतपत्र वैध | □ | □ | |
| कम्पनी दर्ता वैध | □ | □ | |

| | | |
|---|---|---|
| कुनै नियामकीय प्रतिबन्ध छैन | ☐ | ☐ |
| अदालतमा गम्भीर मुद्दा छैन | ☐ | ☐ |
| प्रचलित कानूनको पालना | ☐ | ☐ |

**कानूनी रायः**

१. योग्य
२. शर्तसहित योग्य
३. अयोग्य

**(घ) वित्तीय क्षमता मूल्याङ्कन**

| विवरण | सन्तोषजनक | सुधार आवश्यक | टिप्पणी |
|---|---|---|---|
| न्यूनतम चुक्ता पूँजी | ☐ | ☐ | |
| नेटवर्थ | ☐ | ☐ | |
| पूँजी पर्याप्तता | ☐ | ☐ | |
| तरलता अवस्था | ☐ | ☐ | |
| लेखापरीक्षित वित्तीय विवरण | ☐ | ☐ | |

**(ङ) संस्थागत सुशासन मूल्याङ्कन**

| विवरण | सन्तोषजनक | सुधार आवश्यक | टिप्पणी |
|---|---|---|---|
| सञ्चालक समितिको संरचना | ☐ | ☐ | |
| प्रमुख कार्यकारी अधिकृत | ☐ | ☐ | |
| अनुपालन अधिकृत | ☐ | ☐ | |
| जोखिम व्यवस्थापन प्रमुख | ☐ | ☐ | |
| आन्तरिक लेखापरीक्षण व्यवस्था | ☐ | ☐ | |

**(च) जोखिम व्यवस्थापन प्रणाली**

| विवरण | उपलब्ध | उपलब्ध छैन | टिप्पणी |
|---|---|---|---|
| Margin Policy | | | |
| Haircut Policy | | | |
| Exposure Limit Framework | | | |
| Stress Testing | | | |
| Early Warning Indicators | | | |

| | | | |
|---|---|---|---|
| Default Management Procedure | | | |
| Business Continuity Plan | | | |
| Disaster Recovery Plan | | | |

**(छ) सूचना प्रविधि प्रणाली मूल्याङ्कन**

| विवरण | उपलब्ध | उपलब्ध छैन | टिप्पणी |
|---|---|---|---|
| Margin Management System | | | |
| Real-Time Monitoring | | | |
| Automated Margin Call | | | |
| Automated Liquidation Module | | | |
| Audit Trail | | | |
| Cyber Security Framework | | | |
| System Backup | | | |

**(ज) सञ्चालन तयारी (Operational Readiness)**

| विवरण | सन्तोषजनक | सुधार आवश्यक | टिप्पणी |
|---|---|---|---|
| कर्मचारी तयारी | | | |
| सञ्चालन कार्यविधि (SOP) | | | |
| ग्राहक सेवा प्रणाली | | | |
| अभिलेख व्यवस्थापन | | | |
| गुनासो व्यवस्थापन प्रणाली | | | |

**(झ) समग्र जोखिम मूल्याङ्कन**

| जोखिम क्षेत्र | न्यून | मध्यम | उच्च | टिप्पणी |
|---|---|---|---|---|
| कानूनी जोखिम | □ | □ | □ | |
| वित्तीय जोखिम | □ | □ | □ | |
| सञ्चालन जोखिम | □ | □ | □ | |
| सूचना प्रविधि जोखिम | □ | □ | □ | |

| | | | |
|---|---|---|---|
| अनुपालन जोखिम | □ | □ | □ |
| प्रतिष्ठागत जोखिम | □ | □ | □ |

**(ञ) समग्र मूल्याङ्कन**

| **मूल्याङ्कन क्षेत्र** | **प्राप्त अवस्था** |
|---|---|
| कानूनी योग्यताः | |
| वित्तीय क्षमताः | |
| संस्थागत सुशासनः | |
| जोखिम व्यवस्थापनः | |
| सूचना प्रविधिः | |
| सञ्चालन तयारीः | |

**(ट) समीक्षा अधिकृतको सिफारिस**

□ अनुमति प्रदान गर्न सिफारिस।

□ शर्तसहित अनुमति प्रदान गर्न सिफारिस।

□ थप विवरण माग गर्न सिफारिस।

□ आवेदन अस्वीकृत गर्न सिफारिस।

**प्रमुख कारणहरू**

..........................................................................................................................................

..........................................................................................................................................

..........................................................................................................................................

..........................................................................................................................................

..........................................................................................................................................

.....................................................

**(ठ) स्वीकृति प्रक्रिया**

| | पद | नाम | हस्ताक्षर | मिति |
|---|---|---|---|---|
| समीक्षा सहायक निर्देशकः | | | | |
| शाखा प्रमुखः | | | | |
| विभागीय प्रमुखः | | | | |
| अध्यक्षः | | | | |

**(ड) बोर्डको निर्णय**

| | |
|---|---|
| विवरण | जानकारी |
| बोर्ड बैठक मितिः | |
| निर्णय नं. | |
| निर्णयः | □ स्वीकृत □ सर्तसहित स्वीकृत □ अस्वीकृत |
| लागू हुने शर्तहरूः | |

**निर्देशनः-**

१. यो चेकलिस्ट नेपाल धितोपत्र बोर्डको आन्तरिक नियामकीय प्रयोजनका लागि मात्र प्रयोग गरिनेछ।

२. प्रत्येक मूल्याङ्कन प्रमाणित कागजात, स्थलगत निरीक्षण, अन्तर्वार्ता तथा आवश्यक परे स्वतन्त्र प्रमाणीकरणका आधारमा गर्नु पर्नेछ।

३. शर्तसहित अनुमति सिफारिस गरिएको अवस्थामा पूरा गर्नुपर्ने शर्त, जिम्मेवार निकाय तथा समयसीमा स्पष्ट उल्लेख गर्नु पर्नेछ।

४. यो चेकलिस्ट तथा सम्बन्धित कार्यपत्रहरू डिजिटल तथा भौतिक अभिलेखका रूपमा कम्तीमा १० वर्ष सुरक्षित राखु पर्नेछ।

५. यो अनुसूची-१ मार्जिन कारोबार अनुमति आवेदन फाराममा पेश गरिएका विवरणहरूको नियामकीय प्रमाणीकरणका लागि प्रयोग गरिनेछ।

# अनुसूची-३

(नियम १७ सँग सम्बन्धित)

## ग्राहक उपयुक्तता मूल्याङ्कन फाराम

(मार्जिन कारोबार सेवा प्रदान गर्नु अघि ग्राहकको वित्तीय क्षमता, लगानी अनुभव, जोखिम वहन क्षमता तथा नियामकीय उपयुक्तता मूल्याङ्कन गर्न इजाजतप्राप्त संस्थाले अनिवार्य रूपमा प्रयोग गर्नुपर्ने फाराम)

**(क) पृष्ठभूमीः**

मार्जिन कारोबार सेवाको लागि आवेदन दिने ग्राहककोः वित्तीय क्षमता, लगानी अनुभव, जोखिम वहन क्षमता, ऋण भुक्तानी क्षमता, लगानी उद्देश्यको मूल्याङ्कन गरी ग्राहकलाई उपयुक्त मार्जिन सुविधा उपलब्ध गराउनु हो।

**(ख) ग्राहकको आधारभूत विवरण**

| **विवरण** | **जानकारी** |
|---|---|
| ग्राहकको नामः | |
| हितग्राही खाता नं. (BOID) | |
| नागरिकता नं./दर्ता नं. | |
| PAN नं. | |
| स्थायी ठेगानाः | |
| सम्पर्क नं. | |
| इमेलः | |
| ग्राहकको प्रकारः | □ व्यक्तिगत □ संस्थागत |
| KYC अद्यावधिक मितिः | |

**(ग) पेशा तथा आय विवरण**

| **विवरण** | **जानकारी** |
|---|---|
| पेशा/व्यवसायः | |
| रोजगारदाता/संस्थाः | |
| वार्षिक कुल आम्दानीः | |
| नियमित आम्दानीको स्रोतः | |
| अन्य आम्दानी (यदि कुनै भए) | |

**(घ) सम्पत्ति तथा दायित्व विवरण**

**(१) सम्पत्ति**

| **विवरण** | **अनुमानित मूल्य (रु.)** |
|---|---|
| (क) बैंक मौज्दातः | |
| (ख) सूचीकृत धितोपत्रः | |
| (ग) अचल सम्पत्तिः | |
| (घ) अन्य लगानीः | |
| **कुल सम्पत्ति** | |

**(२) दायित्व**

| **विवरण** | **रकम (रु.)** |
|---|---|
| (क) बैंक ऋणः | |
| (ख) मार्जिन ऋणः | |
| (ग) व्यक्तिगत ऋणः | |
| (घ) अन्य दायित्वः | |
| **कुल दायित्व** | |

**(३) अनुमानित नेटवर्थ**

| **विवरण** | **रकम (रु.)** |
|---|---|
| कुल सम्पत्ति | |
| (-) कुल दायित्व | |
| **नेटवर्थ** | |

**(ङ) लगानी अनुभव**

| **विवरण** | **छ** | **छैन** |
|---|---|---|
| (क) सूचीकृत शेयरमा लगानी गरेको | □ | □ |
| (ख) प्राथमिक निष्कासन (IPO) मा लगानी गरेको | □ | □ |
| (ग) दोस्रो बजार कारोबार गरेको | □ | □ |
| (घ) मार्जिन कारोबारको अनुभव भएको | □ | □ |
| (ङ) अन्य वित्तीय उपकरणमा लगानी गरेको | □ | □ |

यदि अनुभव छ भने विवरणः ..........................................................................................

..........................................................................................................................

**(च) लगानीको मुख्य उद्देश्य**

१. पूँजी वृद्धि

२. नियमित आम्दानी

३. छोटो अवधिको कारोबार

४. दीर्घकालीन लगानी

५. पोर्टफोलियो विविधीकरण

६. अन्य

विवरणः ..........................................................................................................

**(छ) जोखिम वहन क्षमता (Risk Tolerance Assessment)**

निम्न प्रत्येक प्रश्नमा उपयुक्त विकल्प चयन गर्नुहोस्।

**१. यदि तपाईंको लगानीको मूल्य २०५ ले घट्यो भने के गर्नु हुन्छ ?**

१. तुरुन्त बिक्री गर्ने

२. केही समय पर्खने

३. थप लगानी गर्ने

**२. तपाईंको लगानी अवधि कति हो ?**

१. १ वर्षभन्दा कम

२. १—३ वर्ष

३. ३—५ वर्ष

४. ५ वर्षभन्दा बढी

**३. लगानीमा हुने उतारचढावप्रति तपाईंको दृष्टिकोण के छ ?**

१. अत्यन्त कम जोखिम चाहन्छु

२. मध्यम जोखिम स्वीकार गर्छु

३. उच्च जोखिम स्वीकार गर्न तयार छु

**(ज) जोखिम वर्गीकरण**

मूल्याङ्कनपछि ग्राहकलाई निम्नमध्ये एक वर्गमा वर्गीकरण गरिनेछ।

| **वर्ग** | **जोखिम स्तर** |
| --- | --- |
| A | न्यून जोखिम |
| B | मध्यम जोखिम |
| C | उच्च जोखिम |

| | |
|---|---|
| D | अत्यधिक जोखिम |

**(झ) प्रस्तावित मार्जिन सुविधा**

| **विवरण** | **जानकारी** |
|---|---|
| (क) प्रस्तावित मार्जिन सीमाः | |
| (ख) प्रारम्भिक मार्जिन प्रतिशतः | |
| (ग) अधिकतम ऋण सीमाः | |
| (घ) स्वीकृत जोखिम वर्गः | |

**(ञ) ग्राहक घोषणा**

म/हामी यसद्वारा घोषणा गर्दछु/गर्दछौं किः

१. यस फाराममा उल्लेख गरिएको सम्पूर्ण विवरण सत्य, सही तथा पूर्ण छन्।

२. मार्जिन कारोबारमा पूँजी नोक्सानी हुने सम्भावना रहेको कुरा मैले/हामीले बुझेका छौं।

३. मार्जिन कल, अतिरिक्त धितो, जबरजस्ती बिक्री (Forced Liquidation) तथा अन्य जोखिम सम्बन्धी जानकारी प्राप्त गरेको छु/छौं।

४. आवश्यक परे अनुमितपत्रप्राप्त संस्थाले थप विवरण वा प्रमाण माग्न सक्नेछ भन्ने कुरा स्वीकार गर्दछु/गर्दछौं।

**(ट) इजाजतप्राप्त संस्थाको मूल्याङ्कन**

| **विवरण** | **जानकारी** |
|---|---|
| जोखिम वर्ग | |
| मार्जिन सुविधा उपयुक्त | □ हो □ होइन |
| थप जानकारी आवश्यक | □ हो □ होइन |
| सिफारिस | |

**(ठ) स्वीकृति**

| **पद** | **नाम** | **हस्ताक्षर** | **मिति** |
|---|---|---|---|
| सम्बन्ध व्यवस्थापकः | | | |
| जोखिम व्यवस्थापन अधिकृतः | | | |
| अनुपालन अधिकृतः | | | |
| स्वीकृत गर्ने अधिकारीः | | | |

**(ड) आवधिक पुनर्मूल्याङ्कन**

| **विवरण** | **जानकारी** |
|---|---|
| अन्तिम मूल्याङ्कन मितिः | |
| पुनर्मूल्याङ्कन मितिः | |
| जोखिम वर्ग परिवर्तनः | □ भएको □ नभएको |

टिप्पणी ........................................................................................................................

**नोटः**

१. मार्जिन कारोबार सुविधा उपलब्ध गराउनु अघि प्रत्येक ग्राहकको उपयुक्तता मूल्याङ्कन अनिवार्य रूपमा गर्नु पर्नेछ।

२. ग्राहकको जोखिम वर्ग, वित्तीय क्षमता वा लगानी उद्देश्यमा महत्वपूर्ण परिवर्तन भएमा पुनः मूल्याङ्कन गर्नु पर्नेछ।

३. यो फाराममा उल्लिखित विवरण KYC अभिलेख, वित्तीय विवरण तथा अन्य प्रमाणका आधारमा यथासम्भव प्रमाणीकरण गर्नु पर्नेछ।

४. अनुमितपत्रप्राप्त संस्थाले यो मूल्याङ्कन फाराम तथा सम्बन्धित अभिलेख कम्तीमा १० वर्ष सुरक्षित राख्नु पर्नेछ।

५. यस अनुसूचीको आधारमा कुनै ग्राहकलाई मार्जिन कारोबार सुविधा दिन उपयुक्त नदेखिएमा अनुमितपजत्रप्राप्त संस्थाले सुविधा दिन अस्वीकार गर्न सक्नेछ।

## अनुसूची—४

(नियम १८ सँग सम्बन्धित)

## मार्जिन कारोबार सम्झौता

(मार्जिन कारोबार सुविधा उपलब्ध गराउँदा इजाजतप्राप्त संस्था र ग्राहकबीच अनिवार्य रूपमा सम्पन्न गरिनुपर्ने मानक सम्झौता)

### (क) प्रस्तावना

यो सम्झौता धितोपत्र सम्बन्धी प्रचलित कानून, मार्जिन ऋण कारोबार नियमावली तथा नेपला धितोपत्र बोर्ड द्वारा जारी निर्देशन तथा निर्देशिकाहरूको अधीनमा रही सम्पन्न गरिएको हो।

यस सम्झौताका पक्षहरूः

**प्रथम पक्ष (अनुमतिपत्रप्राप्त संस्था)**

संस्थाको नामः...............................................

इजाजतपत्र नं................................................

ठेगानाः........................................................

**दोस्रो पक्ष (ग्राहक)**

नामः..........................................................

हितग्राही खाता नं. (DEMAT)............................

नागरिकता/दर्ता नं..........................................

स्थायी ठेगानाः...............................................

दुवै पक्षले निम्न शर्तहरू स्वीकार गरी यो सम्झौता सम्पन्न गरेका छन्।

### (ख) परिभाषाहरू

यस सम्झौतामा प्रयोग भएका शब्दहरूको अर्थ सम्बन्धित नियमावली तथा अनुसूची (Definitions and Glossary) बमोजिम हुनेछ।

### (ग) सम्झौताको उद्देश्य

यस सम्झौताको उद्देश्य ग्राहकलाई मार्जिन कारोबार सुविधा उपलब्ध गराउने, पक्षहरूको अधिकार तथा दायित्व निर्धारण गर्ने, जोखिम व्यवस्थापन सुनिश्चित गर्ने, र नियामकीय अनुपालन कायम गर्ने रहेको छ।

### (घ) मार्जिन सुविधा

इजाजतप्राप्त संस्थाले ग्राहकलाई स्वीकृत सीमाभित्र मार्जिन सुविधा उपलब्ध गराउनेछ।

| विवरण | जानकारी |
|---|---|
| स्वीकृत मार्जिन सीमाः | |
| प्रारम्भिक मार्जिन प्रतिशतः | |
| कायम राख्नुपर्ने न्यूनतम मार्जिनः | |
| अधिकतम ऋण सीमाः | |

**(ङ) ग्राहकको दायित्व**

१. सही तथा पूर्ण विवरण उपलब्ध गराउने।

२. आवश्यक प्रारम्भिक मार्जिन जम्मा गर्ने।

३. मार्जिन कल प्राप्त भएपछि तोकिएको समयभित्र थप रकम वा धितोपत्र उपलब्ध गराउने।

४. झुट्टा वा भ्रामक विवरण नदिने।

५. नियामकीय निर्देशनहरूको पालना गर्ने।

६. संस्थालाई आवश्यक जानकारी उपलब्ध गराउने।

**(च) अनुमतिपत्रप्राप्त संस्थाको दायित्व**

१. ग्राहकको उपयुक्तता मूल्याङ्कन गर्ने।

२. जोखिम सम्बन्धी जानकारी स्पष्ट रूपमा उपलब्ध गराउने।

३. ग्राहकको कारोबार अभिलेख सुरक्षित राख्ने।

४. निष्पक्ष तथा पारदर्शी सेवा उपलब्ध गराउने।

५. ग्राहकको गोपनीयता कायम राख्ने।

६. SEBON का सबै निर्देशनहरूको पालना गर्ने।

**(छ) धितो (Collateral)**

मार्जिन सुविधाको धितोका रूपमा निम्न सम्पत्ति स्वीकार गर्न सकिनेछ ।

१. सूचीकृत धितोपत्र

२. नगद

३. नेपाल सरकारका ऋणपत्र

४. बोर्डले स्वीकृत अन्य सम्पत्ति

इजाजतप्राप्त संस्थाले आवश्यकताअनुसार Haircut लागू गर्न सक्नेछ।

**(ज) ब्याज तथा शुल्क**

ग्राहकले सम्झौता बमोजिम देहायका ब्याज तथा शुल्क भुक्तानी गर्नु पर्नेछ।

(क) स्वीकृत ब्याजदर,

(ख) सेवा शुल्क,

(ग) नियामकीय शुल्क,

(घ) अन्य स्वीकृत शुल्क,

**(झ) मार्जिन कल (Margin Call)**

यदि ग्राहकको मार्जिन आवश्यक न्यूनतम सीमाभन्दा कम भएमा,

१. अनुमतिपत्रप्राप्त संस्थाले मार्जिन कल जारी गर्नेछ।

२. ग्राहकले तोकिएको समयभित्र थप धितो वा नगद उपलब्ध गराउनु पर्नेछ।

३. तोकिएको समयभित्र मार्जिन पूरा नगरेमा नियमावलीबमोजिम थप कारबाही हुनेछ।

**(ञ) जबरजस्ती बिक्री (Forced Liquidation)**

अनुमतिपत्रप्राप्त संस्थाले निम्न अवस्थामा ग्राहकको धितो बिक्री गर्न सक्नेछः

(क) मार्जिन कल पूरा नगरेमा,

(ख) सम्झौताको उल्लङ्घन भएमा,

(ग) डिफल्ट भएको अवस्थामा,

(घ) नियामकीय निर्देशन प्राप्त भएमा।

नोटः सम्भव भएसम्म बिक्री अघि ग्राहकलाई सूचना दिइनेछ।

**(ट) जोखिम सम्बन्धी घोषणा**

ग्राहकले देहायका कुरा स्वीकार गर्दछ ।

१. मार्जिन कारोबारमा उच्च वित्तीय जोखिम रहन्छ।

२. लगानीको मूल्य घट्न सक्छ।

३. सम्पूर्ण धितो बिक्री हुन सक्ने सम्भावना रहन्छ।

४. अतिरिक्त रकम भुक्तानी गर्नुपर्ने अवस्था आउन सक्छ।

५. विगतको प्रतिफलले भविष्यको प्रतिफल सुनिश्चित गर्दैन।

**(ठ) डिफल्ट (Default)**

निम्न अवस्था डिफल्ट भएको मानिनेछः

१. ऋण भुक्तानी नगर्नु,

२. मार्जिन कल पूरा नगर्नु,

३. झुट्टा विवरण दिनु,

४. सम्झौताको गम्भीर उल्लङ्घन गर्नु,

५. नियामकीय निर्देशनको अवज्ञा गर्नु।

**(ड) सम्झौता समाप्ति**

यो सम्झौता दुवै पक्षको सहमतिमा, ग्राहकको लिखित अनुरोधमा, अनुमतिपत्र रद्द भएमा, गम्भीर डिफल्ट भएमा, र कानूनबमोजिम, समाप्त गर्न सकिनेछ।

**(ढ) गोपनीयता**

दुवै पक्षले एकअर्कासँग सम्बन्धित गोप्य जानकारी कानूनबमोजिम बाहेक तेस्रो पक्षलाई उपलब्ध गराउने छैनन्।

**(ण) विवाद समाधान**

यस सम्झौताबाट उत्पन्न विवाद देहाय अनुसार समाधान गरिनेछः

१. पहिलो चरणमा आपसी छलफलबाट समाधान गर्ने प्रयास गरिनेछ।

२. समाधान हुन नसकेमा प्रचलित कानूनबमोजिम मध्यस्थता वा सम्बन्धित अदालतमा प्रस्तुत गरिनेछ।

**(त) लागू हुने कानून**

यो सम्झौता नेपालको प्रचलित कानून तथा नेपाल धितोपत्र बोर्डद्वारा जारी नियम, विनियम, निर्देशन तथा मापदण्डबमोजिम व्याख्या तथा कार्यान्वयन गरिनेछ।

**(थ) संशोधन**

यस सम्झौतामा गरिने कुनै पनि संशोधन गर्दा लिखित रूपमा, दुवै पक्षको सहमतिमा, वा आवश्यक परे नेपाल धितोपत्र बोर्डको स्वीकृतिले मात्र संशोधन प्रभावकारी हुनेछ।

**(द) घोषणा**

दुवै पक्षले यस सम्झौताका सम्पूर्ण शर्तहरू पढी, बुझी तथा स्वेच्छाले स्वीकार गरेको घोषणा गर्दछौं।

**(ध) हस्ताक्षर**

**प्रथम पक्ष (अनुमतिपत्रप्राप्त संस्था)**

| पद | नाम | हस्ताक्षर | मिति |
|---|---|---|---|

प्रमुख कार्यकारी अधिकृतः

अधिकृत प्रतिनिधिः

**दोस्रो पक्ष (ग्राहक)**

| **विवरण** | **जानकारी** |
| --- | --- |
| नामः | |
| हस्ताक्षरः | |
| मितिः | |

**साक्षी**

| | **नाम** | **हस्ताक्षर** | **मिति** |
| --- | --- | --- | --- |
| साक्षी—१ | | | |
| साक्षी—२ | | | |

**निर्देशन**

१. यो सम्झौता मार्जिन कारोबार सुविधा उपलब्ध गराउनु अघि अनिवार्य रूपमा सम्पन्न गर्नु पर्नेछ।

२. सम्झौतामा कुनै पनि विशेष सर्त थप गर्दा ती शर्तहरू प्रचलित कानून, नियमावली तथा नेपाल धितोपत्र बोर्डको निर्देशिका वा निर्देशनसँग बाझिनु हुँदैन।

३. प्रत्येक पक्षले हस्ताक्षर गरिएको सम्झौताको एक—एक प्रति सुरक्षित राख्नु पर्नेछ।

४. इजाजतप्राप्त संस्थाले यो सम्झौता तथा सम्बन्धित अभिलेख कम्तीमा १० वर्ष सुरक्षित राख्नुपर्नेछ।

५. यस अनुसूचीमा उल्लेखित ढाँचाभन्दा कम अधिकार वा कम स्तरको लगानीकर्ता संरक्षण हुने गरी कुनै सम्झौता गर्न पाइने छैन।

# अनुसूची - ५

(नियम २२ सँग सम्बन्धित)

## मार्जिन कारोबारका लागि योग्य धितोपत्र तथा Haircut निर्धारण मापदण्ड

(यो मापदण्ड मार्जिन कारोबारका लागि योग्य धितोपत्रको छनोट, जोखिम वर्गीकरण, Haircut निर्धारण, एकाग्रता सीमा (Concentration Limit), समीक्षा प्रक्रिया तथा जोखिम नियन्त्रणका लागि अनुमितपत्रप्राप्त संस्थाले अनिवार्य रूपमा अवलम्बन गर्नु पर्नेछ)

### (क) उद्देश्य

१. मार्जिन कारोबारका लागि योग्य धितोपत्रको वैज्ञानिक छनोट सुनिश्चित गर्नु।

२. बजार, तरलता तथा मूल्य अस्थिरताबाट उत्पन्न जोखिम नियन्त्रण गर्नु।

३. धितोको मूल्याङ्कनमा एकरूपता कायम गर्नु।

४. लगानीकर्ता तथा अनुमतिपत्रप्राप्त संस्थाको हित संरक्षण गर्नु।

### (ख) योग्य धितोपत्रको आधारभूत मापदण्ड

मार्जिन कारोबारका लागि धितोपत्र योग्य हुन निम्न न्यूनतम मापदण्ड पूरा भएको हुनुपर्नेछ।

| क.सं. | मापदण्ड | आवश्यक अवस्था |
|---|---|---|
| १ | नेपाल स्टक एक्सचेन्जमा सूचीकृत | अनिवार्य |
| २ | नियमित कारोबार भएको | अनिवार्य |
| ३ | नेपाल धितोपत्र बोर्डद्वारा निलम्बित नभएको | अनिवार्य |
| ४ | नियामकीय कारबाहीमा नरहेको | अनिवार्य |
| ५ | पर्याप्त कारोवार योग्य शेयर (Free Float) | अनिवार्य |
| ६ | मूल्य हेरफेरको उच्च जोखिम नभएको | अनिवार्य |

### (ग) धितोपत्रको जोखिम वर्गीकरण

इजाजतप्राप्त संस्थाले प्रत्येक योग्य धितोपत्रलाई निम्न जोखिम वर्गमध्ये कुनै एकमा वर्गीकरण गर्नु पर्नेछ।

**श्रेणी — A (Low Risk Securities)**

१. उच्च बजार पूँजीकरण

२. उच्च तरलता

३. नियमित कारोबार

४. न्यून मूल्य अस्थिरता

५. राम्रो वित्तीय अवस्था

**श्रेणी — B (Moderate Risk Securities)**

१. मध्यम बजार पूँजीकरण

२. पर्याप्त कारोबार

३. मध्यम मूल्य उतारचढाव

**श्रेणी — C (High Risk Securities)**

१. कम तरलता

२. उच्च मूल्य अस्थिरता

३. सीमित कारोबार

**श्रेणी — D (Not Eligible)**

निम्न धितोपत्रहरू सामान्यतया मार्जिन कारोबारका लागि योग्य हुने छैनन्ः

१. निलम्बित धितोपत्र

२. अत्यधिक मूल्य हेरफेर भएको धितोपत्र

३. अत्यन्त न्यून कारोबार भएका धितोपत्र

४. बोर्डले अयोग्य घोषणा गरेका धितोपत्र

**(घ) Haircut निर्धारण सिद्धान्त**

Haircut निर्धारण गर्दा कम्तीमा निम्न आधारहरू विचार गर्नु पर्नेछः

(क) मूल्य अस्थिरता (Price Volatility)

(ख) दैनिक कारोबार परिमाण

(ग) बजार तरलता

(घ) बजार पूँजीकरण

(ङ) Free Float

(च) Corporate Governance

(छ) वित्तीय अवस्था

(ज) नियामकीय जोखिम

(झ) Sectoral Risk

**(ङ) न्यूनतम Haircut मापदण्ड**

| जोखिम वर्ग | न्यूनतम Haircut (%) |
|---|---|
| श्रेणी—A | २० |
| श्रेणी — B | ३० |

| | |
|---|---|
| श्रेणी—C | ४० |
| नगद धितो | ० |
| नेपाल सरकारका ऋणपत्र | ५ |
| बोर्डले स्वीकृत अन्य धितोपत्र | बोर्डले तोकेबमोजिम |

***स्पष्टीकरणः बजारको असामान्य अवस्था, उच्च अस्थिरता वा प्रणालीगत जोखिम देखिएमा बोर्डले वा अनुमतिपत्रप्राप्त संस्थाले जोखिमअनुसार Haircut वृद्धि गर्न सक्नेछ।***

(च) एकाग्रता सीमा (Concentration Limits)

जोखिम न्यूनीकरणका लागि निम्न सीमाहरू पालना गर्नुपर्नेछ।

१. एउटै धितोपत्रमा अधिकतम Exposure: कुनै एक ग्राहकको कुल मार्जिन पोर्टफोलियोमध्ये एउटै धितोपत्रको हिस्सा बोर्डले तोकेको अधिकतम सीमाभन्दा बढी हुन नहुने।

२. एउटै जारीकर्ता (Issuer) मा सीमाः एउटै कम्पनीद्वारा जारी गरिएको धितोपत्रमा अत्यधिक एक्सपोजर हुन नदिन सीमा निर्धारण गर्नु पर्नेछ।

३. Sector Exposure: कुनै एक आर्थिक क्षेत्रमा अत्यधिक जोखिम सृजना नहोस् भन्ने उद्देश्यले आवश्यकतानुसार क्षेत्रगत सीमा निर्धारण गर्न सकिनेछ।

**(छ)** Haircut **पुनरावलोकन (Review)**

अनुमतिपत्रप्राप्त संस्थाले Haircut निम्न अवस्थामा पुनरावलोकन गर्नुपर्नेछः-

१. बजारमा असामान्य उतारचढाव

२. कारोबारमा उल्लेखनीय परिवर्तन

३. वित्तीय अवस्थाको ह्रास

४. नियामकीय कारबाही

५. Corporate Action

६. बोर्डको निर्देशन

Haircut कम्तीमा प्रत्येक तीन महिनामा एक पटक पुनरावलोकन गर्नुपर्नेछ।

**(ज) धितोपत्रको सूची अद्यावधिक**

इजाजतप्राप्त संस्थाले योग्य धितोपत्रको सूची, जोखिम वर्गीकरण, र Haircut दर आवधिक रूपमा अद्यावधिक गरी बोर्डलाई उपलब्ध गराउनु पर्नेछ।

**(झ) Corporate Actions**

निम्न अवस्थाहरूमा धितोपत्रको पुनर्मूल्याङ्कन गर्नुपर्नेछः

- Bonus Share Issue
- Right Share Issue
- Stock Split
- Consolidation
- Merger
- Demerger
- Delisting Proposal
- Acquisition
- Special Dividend

**(ञ) जोखिम नियन्त्रणका अतिरिक्त उपाय**

बजारको असामान्य अवस्थालाई ध्यानमा राखी इजाजतप्राप्त संस्थाले आवश्यकतानुसार निम्न जोखिम नियन्त्रणका उपायहरू अवलम्बन गर्न सक्नेछ।

- Haircut वृद्धि,
- Margin Requirement वृद्धि,
- Exposure Limit घटाउने,
- नयाँ मार्जिन सुविधा अस्थायी रूपमा रोक्ने,
- थप धितो माग गर्ने,

**(ट) नेपाल धितोपत्र बोर्डको अधिकार**

नेपाल धितोपत्र बोर्डले आवश्यक ठानेमाः

१. कुनै धितोपत्रलाई मार्जिन कारोबारका लागि अयोग्य घोषणा गर्न सक्नेछ।

२. Haircut दर संशोधन गर्न सक्नेछ।

३. जोखिम वर्गीकरण परिवर्तन गर्न सक्नेछ।

४. थप जोखिम नियन्त्रण मापदण्ड जारी गर्न सक्नेछ।

**(ठ) अनुमतिपत्रप्राप्त संस्थाको दायित्व**

१. Haircut निर्धारणको लिखित नीति तयार गर्नु पर्नेछ।

२. Haircut परिवर्तनको अभिलेख राख्नु पर्नेछ।

३. ग्राहकलाई Haircut परिवर्तनको सूचना दिनु पर्नेछ।

४. नेपाल धितोपत्र बोर्डलाई आवश्यक प्रतिवेदन उपलब्ध गराउनु पर्नेछ।

५. जोखिम व्यवस्थापन समितिबाट ज्बष्चअगत नीति अनुमोदन गराउनु पर्नेछ।

**(ड) अभिलेख व्यवस्थापन**

इजाजतप्राप्त संस्थाले निम्न अभिलेख कम्तीमा १० वर्ष सुरक्षित राख्नु पर्नेछः

१. Eligible Securities Register

२. Haircut Register

३. Haircut Revision History

४. Risk Classification Records

५. Board/Committee Decision

६. Regulatory Correspondence

**नोटः**

१. यो अनुसूचीमा उल्लिखित न्यूनतम मापदण्डभन्दा कमजोर धितोपत्रलाई मार्जिन धितोका रूपमा स्वीकार गर्न पाइने छैन।

२. Haircut निर्धारण गर्दा वस्तुनिष्ठ, जोखिममा आधारित तथा लिखित कार्यविधि अपनाउनु पर्नेछ।

३. Haircut दर परिवर्तन गर्दा ग्राहकलाई समयमै जानकारी दिनुपर्नेछ।

४. SEBON ले बजारको अवस्था, प्रणालीगत जोखिम वा सार्वजनिक हितका आधारमा कुनै पनि समयमा यस अनुसूचीमा संशोधन, थप वा परिवर्तन गर्न सक्नेछ।

५. यस अनुसूचीमा उल्लेख भएका मापदण्डहरू मार्जिन कारोबार सञ्चालन गर्ने सबै अनुमतिपत्रप्राप्त संस्थाका लागि न्यूनतम अनिवार्य मापदण्ड हुनेछन्।

## अनुसूची - ६

(नियम ३२,नियम ३३,तथा नियम ३५ सँग सम्बन्धित)

## मार्जिन कल, अतिरिक्त धितो तथा जबरजस्ती बिक्री (Forced Liquidation) सम्बन्धी कार्यविधि तथा सूचना फाराम (Margin Call, Additional Collateral and Forced Liquidation Procedures and Standard Forms)

(मार्जिन कारोबारमा न्यूनतम मार्जिन कायम नरहेमा ग्राहकलाई सूचना दिने, अतिरिक्त धितो माग गर्ने तथा आवश्यक परे धितोपत्रको जबरजस्ती बिक्री गर्ने सम्बन्धी एकरूपता कायम गर्ने कार्यविधि तथा मानक सूचना ढाँचा)

**(क) उद्देश्य**

१. मार्जिन कल प्रक्रिया एकरूप बनाउनु।

२. ग्राहकलाई समयमै सूचना उपलब्ध गराउनु।

३. जबरजस्ती बिक्री (Forced Liquidation) निष्पक्ष, पारदर्शी तथा जोखिम (आधारित ढङ्गले सञ्चालन गर्नु।

४. इजाजतप्राप्त संस्था तथा लगानीकर्ताबीचको विवाद न्यून गर्नु।

**(ख) मार्जिन अनुगमन** (Forced Liquidation)

इजाजतप्राप्त संस्थाले प्रत्येक कारोबार दिन देहायका विषयहरू स्वचालित प्रणालीमार्फत निरन्तर अनुगमन गर्नु पर्नेछ ।

१. ग्राहकको मार्जिन अनुपात,

२. धितोको बजार मूल्य,

३. ऋण बक्यौता,

४. Haircut,

